# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## त्रिपुरासुन्दरी नगरपालिका
## डोल्पा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## त्रिपुरासुन्दरी नगरपालिका
## डोल्पा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

त्रिपुरासुन्दरी नगरपालिका

डोल्पा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **निष्ठा** | *(Integrity)* |
| **स्वतन्त्रता** | *(Independence)* |
| **व्यावसायिकता** | *(Professionalism)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत विचार गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तहसम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोराउपर छलफल गरिएको छ ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजनासमेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुकोसमेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारीरुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्र्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन् । त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरासहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षितरुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरूउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ जेठ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ९२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,

त्रिपुरासुन्दरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

डोल्पा ।

१. **कैफियत सहितको राय** — हामीले त्रिपुरासुन्दरी नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.८ करोड ५ लाख ५४ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिकृयाबाट रु.३ लाख ५९ हजार फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.८२ लाख ७६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ५० लाख ४२ हजार, नियमित गर्नुपर्ने रु.५ करोड ३ लाख ८४ हजार र पेश्की बाँकी रु.६४ लाख ९३ हजारसमेत रु.८ करोड १ लाख ९५ हजार रहेको छ । नगरपालिकाको गतवर्षसम्म रु.१८ करोड ४७ लाख ५७ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू

रु.२६ करोड १० लाख ४० हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरणउपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (**Fraud**) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूतरुपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामासमेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

**नायब महालेखापरीक्षक**

# त्रिपुरासुन्दरी नगरपालिका,
# डोल्पा

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८८ | १४३ | ८०५५४ | ० | १२ | ३५९ | ८८ | १३१ | ८०१९५ | ८२७६ | ५०३८४ | १५०४२ | ० | ० | ६५४२६ | ६४९३ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डोल्पा | १८४७५७ | ० | ३९१२ | १८०८४५ | ० | ८०१९५ | २६१०४० |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | ४३ | मुल्य समायोजन प्रमाण पेश भएको | ३५०९१९ |
| २ | | ४९ | भत्ता असुली | ६३७५ |
| ३ | | ५३ | बढी भत्ता असुली | १७०० |
| | **चालु वर्षको जम्मा** | | | **३५८९९४** |
| | **गत विगत वर्षतर्फको** | | | |
| ४ | **२०७८।७९** | विभिन्न | नम्स प्रणालीबाट सपरीक्षण भएको । | ३०८६००० |
| ५ | **२०७७।७८** | विभिन्न | नम्स प्रणालीबाट सपरीक्षण भएको । | ५७५२५ |
| ६ | **२०७६।७७** | ३१ | असुल गरी दाखिला भएको । | ४७१५० |
| ७ | **२०७६।७७** | ६४ | पेश्की फस्र्यौट गरी पेस भएको । | ६६३९१९ |
| ८ | **२०७५।७६** | ३१ | असुल गरी दाखिला भएको । | ४७१५० |
| ९ | **२०७५।७६** | ३६ | असुल गरी दाखिला भएको । | १०२०० |
| | **गत विगतको जम्मा** | | | **३९११९४४** |
| | **कुल जम्मा** | | | **४२७०९३८** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नुरस्थानीयसरकारकाकाममाजनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ ।यस नगरपालिका अन्तर्गत ११ वडा, ५८ सभा सदस्य,३९३.४५ वर्ग किलोमिटर क्षेत्रफल तथा १२ हजार ३ सय ३३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०६।१८ देखि २०८०।०६।१९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति

तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आय – व्ययतर्फ रु.१ अर्ब ८ करोड ८८ लाख १७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१,३०,३७०।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|
| पारिश्रमिक कर | १४४५७ | ०८०।०६।२३ | नेपाल बैंक लिमिटेड |
| अग्रिम आयकर | ९०३ | ०८०।०६।२३ | नेपाल बैंक लिमिटेड |
| पारिश्रमिक कर | १३५०० | ०८०।०६।२३ | नेपाल बैंक लिमिटेड |
| अग्रिम आयकर | ४५०० | ०८०।०६।२३ | नेपाल बैंक लिमिटेड |
| अग्रिम आयकर | ३००० | ०८०।०६।२३ | नेपाल बैंक लिमिटेड |
| वैठक भत्ता | १२७५ | ०८०।०६।२३ | माछापुच्छ्रे बैंक |
| वैठक भत्ता | ११०५० | ०८०।०६।२३ | माछापुच्छ्रे बैंक |
| वैठक भत्ता | ३८२५० | ०८०।०६।२३ | माछापुच्छ्रे बैंक |
| वैठक भत्ता बेरुजु दाखिला | ४३४३५ | ०८०।०६।२३ | माछापुच्छ्रे बैंक |
| **जम्मा** | **१३०३७०** | | |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| विवरण | टिप्पणी | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५६५१०९३६५ | ४९७२८००४१.९४ | | ४९७२८००४१.९४ | ४७४५८००००.६९ | | ४७४५८००००.६९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५५७३०९३६५ | ४९५६४८३०२.२९ | ० | ४९५६४८३०२.२९ | ४७१२११३७०.६९ | ० | ४७१२११३७०.६९ |
| ११००० कर | ११ | ९००७११०० | ७४१२२२६४.६९ | ० | ७४१२२२६४.६९ | ५७८७७०८३.६९ | ० | ५७८७७०८३.६९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३००० अनुदान | | ४३३१८६००० | ४१३५३५९५१.६ | ० | ४१३५३५९५१.६ | ४१२२२०९९७ | ० | ४१२२२०९९७ |
| संघीय सरकार | १२ | ३६४७५७००० | ३५२३६६९११.६ | ० | ३५२३६६९११.६ | ३६८१९०३२५ | ० | ३६८१९०३२५ |
| प्रदेश सरकार | १२ | ६८४२९००० | ६११६९०४० | ० | ६११६९०४० | ४४०३०६७२ | ० | ४४०३०६७२ |
| १४००० अन्य राजस्व | | २०८५२२६५ | ७९९००८६ | ० | ७९९००८६ | १११३२९० | ० | १११३२९० |
| ३२००० वित्तीय सम्पत्ति | | १३२००००० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ७८००००० | १६३१७३९.६५ | | १६३१७३९.६५ | ३३६८६३० | | ३३६८६३० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ७८००००० | ० | ० | ० | ३३६८६३० | ० | ३३६८६३० |
| धरौटी | | ० | १६३१७३९.६५ | ० | १६३१७३९.६५ | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५६५१०९३६५ | ५०७११८९२७.२२ | | ५०७११८९२७.२२ | ४७३२३७९५५.६ | | ४७३२३७९५५.६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५५७३०९३६५ | ५००८०३७९४.४२ | | ५००८०३७९४.४२ | ४६५७२९७४४.६ | | ४६५७२९७४४.६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २२३३४३०४८.६२ | २१७८४७६३९.४२ | ० | २१७८४७६३९.४२ | १६८२५५७५१.६ | ० | १६८२५५७५१.६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११६२८९११६.३८ | १०१००८२३५ | ० | १०१००८२३५ | १०१६७२६३२ | ० | १०१६७२६३२ |
| २५००० सहायता ( Subsidy) | १८ | ११७२७००० | १०७९८३१६ | ० | १०७९८३१६ | ४६३८२७० | ० | ४६३८२७० |
| २६००० अनुदान | १८ | ३५२२००० | २७३५००० | ० | २७३५००० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | १५७९६००० | १४८३६७८३ | ० | १४८३६७८३ | १६१४८९७९ | ० | १६१४८९७९ |
| २८००० अन्य खर्च | १८ | २९८०००० | २९७९३४० | ० | २९७९३४० | २६७९३६० | ० | २६७९३६० |
| ३१००० गैर वित्तीय सम्पत्ती /पूँजीगत खर्च | १८ | १८३६५२२०० | १५०५९८४८१ | ० | १५०५९८४८१ | १७२३३४७५२ | ० | १७२३३४७५२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घ. अन्य भूक्तानी | | ७८००००० | ६३१५१३२.८ | | ६३१५१३२.८ | ४७३२३७९५५.६ | | ४७३२३७९५५.६ |
| कोषहरु | | ७८००००० | ५८४१५२६ | ० | ५८४१५२६ | ७५०८२११ | ० | ७५०८२११ |
| धरौटी | | ० | ९२९९४५ | ० | ९२९९४५ | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -४५६३३८.२ | | -४५६३३८.२ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | -९८३८८८५.२८ | | -९८३८८८५.२८ | १३४२०४५.०९ | | १३४२०४५.०९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १३००५३७०.१६ | | १३००५३७०.१६ | १११२६५७५.६४ | | १११२६५७५.६४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ३१६६४८४.८८ | | ३१६६४८४.८८ | १२४६८६२०.७३ | | १२४६८६२०.७३ |
| बैंक तथा नगद बाकी | २४ | | १२९१०२७३.८८ | | १२९१०२७३.८८ | ३९१८७२५६.३६ | | ३९१८७२५६.३६ |

२.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.४,७६,४४,४७४।-, दिगो सरसफाई आयोजन रु.१०,५८,२५०।- र गरिवसँग विशेश्वर कार्यक्रमतर्फ रु.१२,६०,०००/- समेत गरी रु.४,९९,६२,७२४/- उक्त आर्थिक विवरणमा समावेश छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.२ **कर दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.४,५६,३३८.२ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५६,३३८ |

२.३ **कोष खाताः-** पालिकामा देहायक बमोजिमको कोष खाताहरुको संचालन भएको देखिएको छः

| कोषको नाम | गत वर्षको मौज्दात | यस अल्या भएको रकम | आम्दानी | खर्च | बाँकी रकम | बैक अनुसार बाँकी रकम |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| धरौटी कोष | १८२९५६४.६५ | ८७२८२५ | १६३१७३९.६५ | ९२९९४५ | १५७४६१९.६५ | १५६६६१९.६५ |
| विविध खाता | ५२८२६२.३ | ० | ० | ० | ० | २०१७१००.८ |
| कल्याणकोष | १९६३१२१.१ | ० | ० | ० | ० | ० |
| मर्मत संभार कोष | २०४३६१.६४ | ६२५३९४६ | ० | ५८४१५२६ | ४६९२५२ | ० |
| विपत व्यवस्थापन कोष | ९३०५५.२ | ० | ० | ० | ० | ९३०५५.२ |
| अवकाश कोष | ० | ० | ० | ० | ० | ७६३१२१.१ |
| प्राकृतिक प्रकोप उद्धार तथा राहात कोष खाता | ० | ० | ० | ० | ० | ११४४०० |
| प्रकोप व्यवस्थान | ० | ० | ० | ० | ० | ९३०५५.२ |
| **जम्मा** | **४६१८३६४.८९** | **७१२६७७१** | **१६३१७३९.६५** | **६७७१४७१** | **२०४३८७१.६५** | **४६४७३५१.९५** |

उक्त कोषहरुको विवरण गत वर्षको लेखापरीक्षण प्रतिवेदन, संचित कोष व्यवस्थापन(सुत्र) तथा बैक स्टेटमेन्ट अनुसार तयार उल्लेख गरिएको छ । कोषहरुको जिम्मेवारी नै नसारिएको, जिम्मेवारी सारे पनि फरक सारेको, तथा बैक स्टेटमेन्टसँग भिडान भएको छैन । तसर्थ पालिकाले कोषहरुको हिसाव एकिन गरी व्यवस्थित गरिनु पर्दछ ।

२.४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१,९४,३६,२०३।४६ मौज्दात रहेकोमा यो वर्ष रु.१,३०,०५,३७०।१६ - जिम्मेवारी सारेको छ । प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६४,३०,८३३।३० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने रु.

| | |
|---|---|
| **प्रमाण पेश नगरेको** | **६४,३०,८३३** |

२.५ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको पुँजीगत खातामा रु.२२,६५,२१३/-र चालु खातामा रु.४०,७७,२०३/-मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.६ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान

विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाताको प्रकार | खाता अनुसार बाकी रु. | बैक स्टेटमेन्ट रु. | फरक |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ५७२ | २७३४७.२ | २६७७५.२ |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ४१०१००.८१ | ४१०१००.८१ |
| ग १.४ वैदेशिक सहायता अनुदान खाता | ० | १०५८२५० | १०५८२५० |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | १७९९९८७ | १७९९९८७ |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ४०७७२०३ | १७८४८६२.४७ | -२२९२३४०.५३ |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | २२६५२१३ | ३५७०३७४.५३ | १३०५१६१.५३ |
| ग ३.१, स्धानीय तह धरौटी खाता | १५७४६१९.६५ | १५६६६१९.६५ | -८००० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ४५२३४१४.२३ | ० | -४५२३४१४.२३ |
| ग२.७ विविध खर्च खाता | ० | २०१७१००.८ | २०१७१००.८ |
| ग ५.४ अवकाश कोष | ० | ७६३१२१.१ | ७६३१२१.१ |
| ग ५.२ प्राकृतिक प्रकोप उद्धार तथा राहात कोष खाता | ० | ११४४०० | ११४४०० |
| ग ७.२ प्रकोप व्यवस्थान | ० | ९३०५५.२ | ९३०५५.२ |
| ग ७.१, स्थानीय तह आकस्मिक कोष खाता | ४६९२५२ | ० | -४६९२५२ |
| **जम्मा** | **१२९१०२७३.८८** | **१३२०५२१८.७६** | **२९४९४४.८८** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरेको पाइएन । श्रेस्ता अनुसार बाँकी मौज्दात रु. १,२९,१०,२७३।८८ र बैक अनुसार रु. १,३२,०५,२१८।७६ देखिएकोमा स्रेस्ता भन्दा बैक मौज्दात रु. २,९४,९४४।८८ वढी मौज्दात देखिएकोमा सम्बन्धमा स्रेस्ता र बैङ्कबीच हिसाब एकिन गर्नुपर्दछ ।

३ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा

गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले सो लगायत विपद व्यवस्थापन कोष, मर्मत संभार कोष लगायत कुनै पनि कोष खडा गरेको देखिएन ।

४ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकामा आन्तरिक लेखापरीक्षण शाखा स्थापना भइनसकेकोले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन।पालिकाबाट केही भुक्तानीमा बीलभर्पाइ वेगर भुक्तानी गर्ने, सिधै भुक्तानी गर्न सकिने काममा पेश्की लिने, विभिन्न कार्यक्रमका लागि एकमुष्ट पेश्की दिने, बिल भन्दा बढी भुक्तानी लिने, खरिद तथा कार्यक्रम संचालन लागत अनुमान तयार नगर्ने, खरिद ऐन तथा नियमावली पालना नगरी खरिद कार्य गर्ने, खरिद भएका मालसामान दाखिला नगर्ने, चालु खर्चको बेमनासिव तथा अनाबश्यक खर्च गर्ने जस्ता आर्थिक अनुशासन पालना नहुने गरी खर्च लेखेको देखिएकोले नियन्त्रण सन्तुलन प्रणाली कमजोर देखिएको छ । पालिकाले कार्य प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कृयाकलाप प्रति विश्वस्त हुने आधार तयार गर्नु पर्दछ । तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

६ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आय ५० लाख ४४ हजार राजस्व बाँडफाँड रु.६ करोड ९० लाख ८४ र अनुदानबाट रु.४१ करोड ८० लाख ६६ हजार समेत रु.४८ करोड ४५ लाख ८७ हजार आम्दानी भएकोमा चालुतर्फ रु.३५ करोड २ लाख ५ हजार र पूँजिगततर्फ रु.१५ करोड ५ लाख ९८ हजार गरी जम्मा रु.५० करोड ८ लाख ३ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.९१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.८८,०७,०००/- खर्च भएको छ जुन आन्तरिक आयको १११ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु ७० र पूँजिगत ३० प्रतिशतमात्र पुँजीगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

७ **सेवाप्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
| --- | --- | --- |

| | | |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १ | १ |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | २८५ | २८५ |
| मृत्युदर्ता | ३९ | ३९ |
| बसाईसराई दर्ता | ० | ० |
| विवाह दर्ता | ९ | ९ |
| सम्वन्ध विच्छेद | ० | ० |
| पूर्वाधार विकास सडक निर्माण | | |
| कालोपत्रे सडक निर्माण | | |
| कालोपत्रे सडक मर्मत | | |
| ग्राभेल सडक निर्माण | | |
| ग्राभेल सडक मर्मत | | |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरणबाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

८ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति(रु.हजारमा) देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| पूँजिगत खर्चतर्फ | १५०५९९ | ८१८० | १९४८३ | २०९६४ | १०१९७१ | ७९५०४ |
| प्रतिशत | १०० | ५ | १३ | १४ | ६८ | ५२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू.१५ करोड ५ लाख ९९ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ८१ लाख ८० हजार अर्थात ५ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.१ करोड ९४ लाख ८३ हजार अर्थात १३ प्रतिशत, तेश्रो त्रैमासिकमा रु.२ करोड १ लाख ६४ हजार अर्थात १४ प्रतिशत र

चौथो त्रैमासिकमा रु.१० करोड १९ लाख ७१ हजार अर्थात ५२ प्रातिशत खर्च गरेको देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

९ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५१ दरबन्दी स्वीकृत रहेकोमा हालसम्म ३१ मात्र पदपूर्ति भएको पाइयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ पालिकाले कुल कर्मचारी दरबन्दी सिर्जना गरी उक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१० **वडा सचिव पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|
| ११ | ११ | ५ | ६ |

११ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१२ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल १२१ योजनामा वजेट विनियोजन गरेको छ ।

| विवरण | रु.५ लाख भन्दा कम | रु. ५लाख देखि २० लाखसम्मका | रु.२० लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|
| पालिका | १६ | २५ | २१ | ६२ |

| | | | | |
|---|---|---|---|---|
| वडा | २९ | ७१ | ० | १०० |
| जम्मा योजना संख्या | ४५ | ९६ | २१ | १२१ |
| कार्यान्वयन नभएको योजना | ० | ० | ० | ० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१३ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्नेमा पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री देवि घर्ती महतले मिति २०७९।०३।१० गते रु.५५ करोड ७३ लाख ९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।१३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०४।०१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१५ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१६ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण

गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि तोकिए बमोजिम कार्य भएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१७ **बजेट अवण्डा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष मेयरसंग जनाता कार्यक्रमका लागि रु.७५ लाख अबण्डा बजेट व्यवस्था गरी खर्च गरेको छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

१८ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४४९७००००. | ४१४२९८०३. | ८.१७१ |
| २ | पूर्वाधार विकास | ११८९९७०००. | ९३६५६४५१. | १८.४७४ |
| ३ | सामाजिक विकास | २२०३३८४९६. | २२०३३८४९६. | ४३.४६ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २३८१७००४. | २१७७०४९३. | ४.९९४ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १४८१२७५६५. | १२९७९४२३६.२२ | २५.६ |
| | **जम्मा** | | **५०६९८९४७९.२२** | **१००** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास सबैभन्दा बढी ४३.४६ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासन सबै भन्दा घटीमा ४.९९ प्रतिशत रहेको छ ।

१९ **बार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५ करोड ५ लाख ९९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना तथा गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः

पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२० **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ ऐन, नियमावली ४ निर्देशिका ४ कार्यविधि ११० लगायत ३३ कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३३ कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेर राजपत्रमा प्रकाशन गरेको छ ।

२१ **वडा तथा शाखागत खर्च** - पालिकाका हरेक आर्थिक कारोबार एकद्धार प्रणालीमार्फत क्रियाकलापमा आधारित रहि खर्च गर्नुपर्दछ। पालिकाले वडा तथा विभिन्न शाखामा शाखावाइज बजेट व्यवस्था गरी बजेट खर्च गरेको देखिन्छ। भ्रमणको औचित्य पुष्टि हुन नसक्ने कार्यमा समेत बजेट खर्च भएको छ। विभिन्न वडा तथा शाखामा रहेका कर्मचारी तथा पदाधिकारीले व्यक्तिगत प्रयोजनाको लागि खर्च गरेको रिचार्ज जस्ता सञ्चार खर्चको बिलसमेत पेश गरि भुक्तानी लिएको देखिन्छ। शाखालाई आवश्यक पर्ने जिन्सी मालसामानहरु शाखावाइज खरिद गरि शाखामा दाखिला गरेको छ। यसरी शाखावाईज बजेट खर्च गर्दा खर्चमा पारदर्शिता, मितव्यायिता तथा नियन्त्रण कायम गर्न कठिन देखिन्छ। तसर्थ बजेटलाई विभिन्न शाखामा टुक्रा पारि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२२ **सवारीसाधन खरिद**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष ७ थान दुई १ थान एस्काभेटर खरिदमा रु.२५,००,०००।- बजेटबाट खर्च गरेको छ ।

२३ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्काि अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्काि सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्नव गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२४ **बोलपत्र फाइल** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ ले बोलपत्रमार्फत खरिद कार्य गर्दा सोको पूर्व तयारी, लगात अनुमान देखि कार्य सम्पन्न भएसम्मका कागजात संलग्न गरी पञ्जिका सहित बोलपत्र फाइल तयार गरी सम्पूर्ण क्रियाकलाप खुल्ने गरी खरिद कार्यको फाइल सुरक्षित राख्नु पर्ने व्यवस्था गरेको छ ।पालिकाले बोलपत्रका फाइलहरु नियमको उक्त व्यवस्था बमोजिम तयार गरी पञ्जिका सहित अभिलेख

राखेको छैन ।खरिद कार्यको अभिलेख व्यवस्थित नहुँदा खरिद अभिलेख कमजोर भई तोकिएको समयमा पूर्ण विवरण दिन सक्ने अवस्था छैन । खरिद कार्यमा भएका सम्पूर्ण क्रियाकलाप समेटीने फाइल तयार गर्नुपर्दछ ।

२५ **जिन्सी अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाको साविक गा.वि.स. र बिषयगत शाखाको सम्पूर्ण चल, अचल सम्पति र जिन्सी अभिलेख प्राप्त गरी नगरपालिकाको जिन्सी तथा सम्पत्ति रजिष्टरमा अभिलेख नराखेको, नगरपालिकाले वडा कार्यालयले खरिद गरेको मालसामान को जिन्सी दाखिला नगरेको कारण नगरपालिका अन्तर्गत के कति सम्पत्ति र दायित्व रहेको छ यकिन गर्ने आधार भएन। पालीकाले आर्थिक बर्षमा कम्तिमा एक पटक जिन्सी निरिक्षण गरी गराइ प्रतिबेदन लिइ प्रतिबेदनमा औल्याएका ब्यहोरा उपर कारबाही गरी जिन्सी स्रेस्ता अध्यावधिक गरी राख्नु पर्नेमा जिन्सी मौज्दातको विवरण तयार नगरेको, जिन्सी श्रेस्तामा सबै जिन्सी नचढाएको लेखा शाखामा दाखिला नम्बर उल्लेख गरी दाखिला प्रतिवेदन पेश गरेत पनि जिन्सी किताब नचढाएको जिन्सी लेजर प्रमाणित नभएकोले यस वर्ष कार्यालयले खरिद गरी भुक्तानी गरेका सबैजिन्सीको सम्बन्धमा लेखापरीक्षणमा अधुरो जिन्सी लेजर पेश भएकोले सबै जिन्सी दाखिला भएको र खर्च जनाएको सबै जिन्सी वास्तविक खर्च हो भन्न सकिएन। नगरपालिकाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना, दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न छानबीन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरी पेश गर्नु पर्दछ ।

२६ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार रु. ६०९२७५२।- पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु.

| गो. भौ. न. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती , फर्म वा कम्पनीको नाम | फछ्र्यौटको अन्तिम म्याद | म्याद नाघेको |
|---|---|---|---|---|---|
| १९८ | ११/२६/२०७९ | वडाकार्यालय संचालन | लक्ष्मीलाल थापा | ०१/०१/२०८० | २००००० |
| २०५ | ११/२९/२०७९ | वडाकार्यालय संचालन | लक्ष्मीलाल थापा | ०१/०४/२०८० | २००००० |
| ११८ | १२/०१/२०७९ | अति गरिब परिवारहरुको लागि साझा सुविधा केन्द्रको स्थापना। | पविना ओली | ०१/०६/२०८० | ५००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२० | १२/०१/२०७९ | नियमित खोप सुदृढीकरण , पूर्ण खोप सुनिश्चतता र दीगोपनाको लागि सुक्ष्मयोजना | जुन कुमारी रोकाया | ०१/०६/२०८० | २२३००० |
| २२८ | ०३/१८/२०८० | नियमित खोप सुदृढीकरण , पूर्ण खोप सुनिश्चतता र दीगोपनाको लागि सुक्ष्मयोजना | जुन कुमारी रोकाया | १०/२२/२०७९ | २२३००० |
| २७ | ०८/२९/२०७९ | रसि टावर विधुत लाइन विस्तार | आँखे खोला मिनि हाईड्रो ७५० कि.वा . निर्माण उपसमिति | १०/०५/२०७९ | ५००००० |
| ३ | ०९/१७/२०७९ | योजनाहरुको विस्तृत आयोजना प्रतिवेदन | सृष्टी ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | १०/२२/२०७९ | ५९४००० |
| १५५ | ०९/१७/२०७९ | मेयरसग जन्ता कार्यक्रम | सृष्टि निर्माण सेवा | १०/२२/२०७९ | ५००००० |
| १६ | १२/०३/२०७९ | कान्जिरुवा आवि ICT | श्री कान्जिरुवा आवि | ०१/०८/२०८० | ३००००० |
| २९४ | ०१/११/२०८० | मेयरसग जन्ता कार्यक्रम | नन्द स्मृति प्रतिष्ठान | ०२/१५/२०८० | १५६७५० |
| ८६ | ०१/१७/२०८० | सिचाइ कुलो निर्माण | सिँचाई कुलो उपभोक्ता समिति वडा नं. ९ | ०२/२१/२०८० | २७९०१५ |
| ३४३ | ०१/२५/२०८० | मेयरसग जन्ता कार्यक्रम | नर्काली फलफुल तथा पशुपालन फर्म | ०२/२९/२०८० | १००००० |
| ३५४ | ०२/०१/२०८० | सबैका लागि दिगो खानेपानी सरसफाइ आयोजनाका | भर्डेन्ट इन्जिनियरिङ एण्ड इन्भाइरोमेन्टल सर्भिसेस् प्रा.लि. | ०३/०४/२०८० | १६५००० |
| ३६ | ०९/०७/२०७९ | मेयरसग जन्ता कार्यक्रम | हेमराज हमाल स्मृति प्रवेशद्धार निर्माण उपभोक्ता समिति | १०/१२/२०७९ | १५२६२५ |
| १८५ | ११/२५/२०७९ | मेयरसग जन्ता कार्यक्रम | कोइरे पथरा तडवन्धन उस | १२/३०/२०७९ | २११६१२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | ११/२६/२०७९ | मेयरसग जन्ता कार्यक्रम | ज्योति आ.वि. ढलान तथा घेराबार निर्माण | ०१/०१/२०८० | २१९४५० |
| २ | ११/२९/२०७९ | लडे कृषी एङगल घेरावरा त्रिसुनपा ७ | लडे कृषि एङगल घेराबार निर्माण उस | ०१/०४/२०८० | ४७०२५० |
| ५६ | १२/०१/२०७९ | भयार थान मन्दिर निर्माण | भयार थान घेरवार निर्माण उपभोक्ता समिति | ०१/०६/२०८० | ९४,०५०.०० |
| २८५ | ०१/११/२०८० | मेयरसग जन्ता कार्यक्रम | भेत्ती तटबन्धन निर्माण उपभोक्ता समिति | ०२/१५/२०८० | ११४००० |
| ४० | ०६/१३/२०७९ | वडाकार्यालय संचालन | अमर ब बस्नेत | ०७/१७/२०७९ | २५०००० |
| ७६ | ०८/१८/२०७९ | विषयगत समितिको खर्च | पूर्ण प्रसाद हमाल | ०९/२४/२०७९ | ९०,०००.०० |
| ८८ | ०८/२१/२०७९ | वडाकार्यालय संचालन | रुपचन्द्र धराला | ०९/२७/२०७९ | २००००० |
| ८८ | ०१/१९/२०८० | समपुरक अनुदान | रञ्जित बुढा | ०२/२३/२०८० | ३००००० |
| ४७८ | ०३/२३/२०८० | अन्य कार्यालय संचालन खर्च | देविकृष्ण उपाध्याय | ०४/२७/२०८० | ५०००० |
| | | विविध | पित्रृ भक्त गिरी | | ४००००० |
| | | | | जम्मा | ६४९२७५२ |
| | | | | पेश्की | ६४,९२,७५२ |

२७ **वडाबाट सम्झौता**

जिम्मेबार पदाधिकारीले तोकेको क्षेत्राधिकारमा रहि निर्णय गर्नुपर्दछ ।वडाध्यक्षले घरभाडा लगायत कार्यकारीणी अधिकार प्रयोग गर्ने कानुनी आधार नभएकोमा देहायका वडाध्यक्षले घरभाडा संम्झौता गरेको देखिन्छ। कानूनी व्यवस्था विपरित घरभाडा संझौता गरी रु.१,५०,०००/- भुक्तानी भएको रकम वडाबाट नियुक्ति दिने पदाधिकारीलाई जिम्मेवार बनाई नियमित गर्नुपर्ने रु.

| गो. भौ . नं ./ मिती | वडा नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| ३३४-००८०।०१।१९ | ३ | घरभाडा | ६०००० | वडा अध्यक्षले संम्झौता गरेको |
| ४७१-०८०।०३।२३ | ११ | घरभाडा | ६०००० | स्थानिय पञ्जिधिकारी |
| ४७३-०८०।०३।२३ | ६ | घरभाडा | ३०००० | वडा सचिव |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | | | १५०००० | |

| | |
|---|---|
| अनियमित भएको | १,५०,००० |

२८ **मेयरसँग जनता कार्यक्रम** - गो.भौ.नं. १२७-०७९।०९।०५ जैतुन मिडिया एण्ड एड्भरटाइजमेण्टले सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता सम्बन्धि सुचना प्रकाशन तथा वडा तथा पालिकाबाट प्रवाह गर्ने सूचना बापत रु.५६ हजार भुक्तानी भएकोमा राष्ट्रिय तथाङ्क कार्यालयले प्रकाशन गरेको सूचना राखेको छ। फोक्सुण्डो मिडिया एण्ड म्युजिक प्रा.लि.ले विश्व महामारी कोरोना भाइरस सम्बन्धी सूचना प्रकाशन तथा प्रचार प्रसार वापत रु.३२ हजार भुक्तानी भएको जनाएतापनि प्रकाशन भएको पुष्टि हुने कागजात नराखेकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२९ **सवारी भाडा** - पालिकाले पदाधिकारी(मेयर र उपमेयर तथा वडा अध्यक्ष) विभिन्न स्थानमा कार्यालयको कामले जाँदा आउँदा पदाधिकारीको परिवहन अनुसार भुक्तानी हुने गरी व्यवस्थित गर्ने सम्बन्धमा कुनै पनि विधि प्रकृया निर्माण गरेको छैन । पदाधिकारीले विभिन्न समयमा आ-आफै गाडी भाडामा लिई रु.२७,१७,५९०।– भुक्तानी गरेको देखियो । पालिकाबाट सार्वजनिक सवारी साधन सवै ठाउँमा सहज हुने अवस्था देखिदैन। सवारी भाडा नियन्त्रण प्रणाली नहुदा तथा आफुखुशी सवारी भाडामा लिएको देखिदा पालिकाको आर्थिक स्रोतमा अनावश्यक दवाब परेको अवस्था छ । जसको प्रभावकारी नियन्त्रण गरी पालिकाको स्रोतलाई पालिकाको समृद्धि र सुखसँग आवद्ध गरी दीर्घकालीन सोचको आधारमा उत्पादनमुलक क्षेत्रमा लगानी गरी आत्मनिर्भरता हासिल गर्नुपर्दछ ।

३० **पोषण तथा खाद्य सुरक्षा रणनीति** -पालिकाले पोषण तथा खाद्य सुरक्षा मार्फत सबल मानव पुँजी निर्माणको लागि गण्डकी मल्टीपल इन्डस्ट्रिज प्रा.ली.लाई रु.४,९१,५००।– भुक्तानी गरेको छ । सो को लागत अनुमान तयार गरेको छैन । फर्मसँग पालिकाले संझौता गरेको पत्र संलग्न नगरेको हुदा कुन विषयमा अध्यायन गर्ने सम्बन्धमा कार्य आदेश समेत देखिएन। साथै परामर्शदाताले दिएको प्रतिवेदन अनुसार पालिकाको पोषण तथा सुरक्षा हासिल गर्न अवलम्बन गर्नुपर्ने रणनीतिको वास्तविकातामा आधारित नहुनको साथै २०८०।८१ को बजेटमा समेत समावेश गरेको देखिएन । तसर्थः योजना तथा रणनीति निर्माण गर्दा वास्तविकतामा आधारित रहि प्रतिफलयुक्त हुने गरी गर्नुपर्दछ ।

३१ **वडा नं. ५ कार्यालय सञ्चालन खर्च**- पालिकाले वडागत कार्यालय सञ्चालन खर्चको व्यवस्था गरेकोमा वडा नं. ५ लाई रु.२ लाख ८० हजार भुक्तानी गरेकोमा वडामा नयाँ पदाधिकारीलाई स्वागत तथा पुराना पदाधिकारीलाई विदाई कार्यक्रमा रु.७,५००।- र वडा परिषद कार्यक्रममा रु.१०,२००।- खाजा मार्फत भुक्तानी हुनुको साथै सोही कार्यक्रममा क्रमशः खसी किने वापत सुद्धमान कामीलाई रु.१८,५००।- र धन बहादुर रोकायालाई रु.२०,०००।- भुक्तानी गरेको देखिएकोले भुक्तानी दिन नमिल्ने सो रकम वडा सचिव अमर बहादुर बस्नेतबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,५०० |

३२ **कर** - आयकर ऐन, २०५८ को दफा ८७, ८८, ८८क. ८९ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टी तथा अन्य करको दर सम्बन्धमा व्यवस्था गरेको छ। पेश्की फस्यौंट गर्दा करको विवरण हिसाब नगरेको कारण वास्तविक रुपमा तिर्नुपर्ने कर तिरेको सम्बन्धमा आश्वस्त हुने अवस्था छैन। पालिकाले देहाय बमोजिमको भुक्तानीमा कर कट्टा नगरेकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| गो. भौ . नं ./ मिती | विवरण | भुक्तानी पाउने | कर रकम | कैफीयत |
|---|---|---|---|---|
| ३३३-०८०।०१।१९ | गाडी भाडा | धनरुप बुढा | २७२०० | बहाल कर |
| ५११-०८०।०३।२४ | वैठक भत्ता भुक्तानी | सन्तोष खत्री | ४११७५ | पारिश्रमिक कर |
| ५३६-०८०।०३।३० | पेश्की फस्यौंट | जय बहादुर विष्ट | ३००० | अग्रिम आय कर |
| ५३६-०८०।०३।३० | पेश्की फस्यौंट | दलित संघर्ष समिति | ४५०० | अग्रिम आय कर |
| | जम्मा | | ७५८७५ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७५,८७५ |

३३ **राजश्व सुधार कार्ययोजना** - पालिकाले राजश्व संकलनको दायरा विस्तार गरी राजश्व संलकन वृद्धि लागि गण्डकी मल्टीपल इन्डस्ट्रिज प्रा.ली. रु.४,९४,३७५।– भुक्तानी गरेको छ । सो को लागत अनुमान तयार गरेको छैन । फर्मसँग पालिकाले संझौता गरेको पत्र संलग्न नगरेको हुदा कुन विषयमा अध्यायन गर्ने सम्बन्धमा कार्यआदेश पेश नभएकोले कार्यजिमेवारी किटान गर्न सकिएन। साथै परामर्शदाताले दिएको प्रतिवेदन अनुसार पालिकाको आन्तरिक आम्दानीको क्षेत्र, राजश्व वर्गिकरण, स्रोतको अनुमान, राजश्व वृद्धि गर्न अवलम्बन गर्नुपर्ने रणनीतिको प्रक्षेपण गरेको छैन तर वित्तिय समानिकिरण अनुदानको प्रक्षेपण गरेको देखिन्छ। तसर्थः योजना निर्माण गर्दा वास्तविकतामा आधारित रहि प्रतिफलयुक्त हुने गरी गर्नुपर्दछ ।

३४ **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.१४,९०,७९०।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| गो.भौ.नं./मिती | सफ्टवेयर | रकम |
|---|---|---|
| ३४५-०८०।०१।२५ | योजना व्यवस्थापन, दर्ता र चलानी, कर्मचारी व्यवस्थापन र सिफारिस एकिकृत सफ्टवेयर | ९९७७९० |
| ३४६-०८०।०१।१२५ | न्यायिक समिती व्यवस्थापन सफ्टवेयर | ४९३००० |

| | | | |
|---|---|---|---|
| | | जम्मा | १४९०७९० |

३५ **बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले देहाय वमोजिमको बढी भुक्तानी गरेकोले असूल गर्नुपर्ने रु.

| गो.भौ.नं./मिती | विवरण | भुक्तानी पाउने | बढी भुक्तानी |
|---|---|---|---|
| १९६-०७९।११।२६ | विविध खर्च भुक्तानी | अर्जुन थकाली | १६५०० |
| २२५-०७९।१२।०१ | भ्रमण खर्च | देवि घर्ति | ४२५० |
| | भ्रमण खर्च | रण बहादुर बुढा | ४३०० |
| ८१-०७९।०८।२० | भ्रमण खर्च | अमृत कुमार बुढा | १८००० |
| ५११-०८०।०३।२४ | वैठक भत्ता | सन्तोष खत्री | १५२५० |
| ६६-०७९।०८।१८ | सञ्चार महशुल भुक्तानी | वर्डलिङ्क कम्युनिकेशन लि. | १८०५०.२ |
| ५३६-०८०।०३।३० | फुटकर खर्च भुक्तानी | जय बहादुर विष्ट | ४००० |
| | रिचार्ज काड भुक्तानी | जय बहादुर विष्ट | २४००० |
| | फुटकर खर्च भुक्तानी | कर्ण बहादुर कार्की | १००० |
| | फुटकर खर्च भुक्तानी | लाल प्रसाद पोखेल | १००० |
| | जम्मा | | १०६३५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०६,३५०.२ |

३६ **नाफामूलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुंजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| गो. भौ . नं / मिति | अनुदान प्राप्त गर्ने संस्था | अनुदान रु. |
|---|---|---|
| १४५-०७९।०९।१३ | छलगाड लघुजिद्युत व्यवस्थापन उपभोक्ता समिति | ९४६५० |
| १९२-०७९।११।२५ | रडियो शुसासन | २३५३२६ |
| ९०-०७९।०८।२१ | मदरल्याण्ड फोक्सुण्डो एकेडमी प्रा. ली . | २१००० |

| | | |
|---|---|---|
| २५-०८०।१।३१ | बुलाकी फिल्मीको टोपेन्द्र विष्टलाई भुक्तानी | ९७००० |
| जम्मा | | ४४७९७६ |

| | |
|---|---|
| अनियमित भएको | ४,४७,९७६ |

३७ **टेलिकमको सामान -** ४८१-०८०।०३।२३ नेपाल टेलिकम नेपाल सरकारको सामाजिक सेवा क्षेत्र अर्न्तगतको नाफामुलक सार्वजनिक सार्वजनिक संस्थान हो। विकट क्षेत्रमा समेत सेवा प्रदानको लागि नाफा नहेरी आफ्नो सेवा प्रवाह गर्नु टेलिकमको संस्थागत सामाजिक उत्तरदायित्व रहन्छ। सरकारको अधिकाशं स्वामित्व रहेको संस्थाले सरकारको नीति बमोजिम सेवा प्रवाह गर्नु उसको दायित्व समेत रहेको हुन्छ। पालिकाले नेपाल टेलिकमको टावर स्थापनाको टेलिकमको सामान निर्माण स्थलमा ढुवानीको लागि रु.३०,७००। भुक्तानी गरेको देखिन्छ। नाफामुलक संस्थाले आफ्नो सम्पतिको लागि आफै सुरक्षा प्रदान गर्ने व्यवस्था रहने प्रावधान छ। सो प्रावधानलाई प्रवाह नगरी पालिकाले वार्षिक रु.३०,७००।- खर्च गर्नु कानुनसम्मत देखिदैन ।

३८ **वितरणमुखी कार्य -** स्रोत साधनको परिचालन गर्दा महत्तम प्रभाव हुने तरिकाले दिर्घकालिन योजना बनाएर गर्नुपर्दछ । दीर्घकालीन प्रभाव नपार्ने कार्यक्रमहरु सञ्चालन गर्दा पालिकाको आर्थिक समुन्नका साथै रोजगारी, उत्पादन तथा आन्तनिर्भरतामा प्रतिकुल असर पर्ने देखिएकोले वितरणमुखी कार्य नियन्त्रण हुनुपर्दछ ।

| गो.भौ.नं./मिती | विवरण | रकम |
|---|---|---|
| ६३-२०७९।१२।३ | खेलकुद कार्यक्रम संचलान | ११०५००० |
| ७५-२०८०।१।११ | खेलकुद कार्यक्रम | ११२३८५ |
| ८९-२०८०।१।२५ | १२७६५ स्याउको विरुवा काँटछाँट गर्नका लागि चरण बुढालाई भुक्तानी | २८५००० |
| १०४-०७९।०८।२९ | हर्लिक्स वितरण | ३४९०० |
| ३९३-०८०।०२।०८ | अनुदान | ५०००० |
| जम्मा | | १५८७२८५ |

३९ **वृत्त चित्र निर्माण -** पालिकाले यस क्षेत्रको प्रर्वद्धन र विकास निर्माणका क्षेत्रहरु समेट्ने उद्देश्य जनाई वृत्त चित्र निर्माण गरेकोमा वृत्तचित्रमा कुन कुन विषयवस्तु कति समयको रहनेगरी समेट्ने हो सो अनुसार लागत अनुमान तयार गरेको छैन । सम्झौतामा वृत्तचित्र पालिकाको नाममा सर्वाधिकार रहने गरी नभएको साथै वृत्तचित्रलाई पालिकाले आफ्नो वेभसाइट तथा पालिकाको युट्युब च्यानलमा प्रकाशन नगरेको एवं भिडियोमा निर्माणकर्ताको सर्वाधिकार समावेश भएकोले सो को औचित्य समेत पुष्टि हुने आधार नदेखिएकोले अनियमित भएको रु.

| गोश्वरा भौचर/ मिति | निर्माण कर्ता | खर्च रकम | कैफीयत |
|---|---|---|---|
| ६०-०७९।०८।१७(चालु) | आर. के . ब्रोकास्टिङ्ग मिडिया प्रा . ली . ( ६०९७६०९७२ ) | ४०००००। | भिडियो डकुमेन्ट्रि निर्माणकर्ताको युट्युब च्यानलमा राखेको। |

| अनियमित भएको | ४,००,००० |
|---|---|

४० **सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । वडाबाट खरिद भएका मालसामानको जिन्सी खातामा आम्दानी गर्न छुट देखिएको सहायता वा हस्तान्तरण भई प्राप्त भएका जिन्सी मालसामानको एकिन गरी आम्दानी बाँध्नुपर्ने र सम्बन्धित जिम्मेवार कर्मचारीलाई जवाफदेहि बनाउनुपर्ने देखिन्छ। नमुना परीक्षण गर्दा देहायको मालसामान जिन्सी आम्दानी बाँधेको नदेखिदा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु.

| गो. भौ . नं ./ मिती | विवरण | वडा | रकम |
|---|---|---|---|
| ४४-७९।९।१४ | ल्यापटप खरिद | ७ | ९९००० |
| ५२४-०८०।०३।३० | डेल ल्यापटप | १० | ५६००० |
| | जम्मा | | १५५००० |

| प्रमाण पेश नगरेको | १,५५,००० |
|---|---|

४१ **मोबाइल खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले रु.२,०२,८४९।- मोबाइल खरिद गरेकोमा खरिद आदेश, मोबाईल दिनुपर्ने आधारसमेत उल्लेख नगरेकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| गो.भौ.नं./मिती | विवरण | रकम |
|---|---|---|
| २५१-०७९।१२।०३ | Redmi ११ Y/१२८ | २६५०० |
| | Infinix Y/६४ | १९००० |

| | | |
|---|---|---|
| २९७-०८०।०१।११ | Redmi note ११ ६ / १२८ | २७७४८.५९ |
| | Cool pad cool ५ ३ वटा | ४८९००.७५ |
| | Cool Pad Cool X १ वटा | १९००० |
| ३७३-०८०।०२।०४ | Tecno ४ / ६४ | १८७०० |
| ४९१-०८०।०३।२४ | Mobile | १९००० |
| ४४-७९।९।१४ | मोबाइल | २४००० |
| जम्मा | | २०२८४९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०२,८४९ |

४२ **छात्रवृत्ति** - कुनै पनि कार्यक्रम सञ्चालन गर्दा ऐन, नियम, कार्यविधि तथा अन्य कानुन बमोजिम बमोजिम गर्नुपर्दछ । पालिकाले देहायबमोजिम जेहेन्दार छात्र/छात्रालाई समावेशिकरण अर्न्तगत विपन्न, दलित र विपन्नलाई उच्च शिक्षा अध्यायनको लागि छात्रावृत्ति वितरण गरेको उल्लेख छ। सो सम्बन्धमा कुनै पनि कानुन तथा कार्यविधि निर्माण गरेको छैन । कानून निर्माण नगरी उक्त रकम भुक्तानी भएकोले आगामी दिनमा भुक्तानी गर्ने कार्यबिधित बनाई खर्च रकम नियमित गर्नुपर्ने रु.

| गो. भौ . नं ./ मिती | विवरण | रकम |
|---|---|---|
| १०२-०७९।०८।२९ | बिर प्रसाद पुन लाई HA अध्यायनको लागि छात्रवृत्ति प्रदान | ४०००० |
| ५०३-८०।३।२४ | राज बहादुर थापा | ५०००० |
| | विशाल बुड्थापा | ५०००० |
| | कन्नीसरा बुढा | ५०००० |
| | धनकन्नी सार्की | ५०००० |
| | जम्मा | २४०००० |

| | |
|---|---|
| अनियमित भएको | २,४०,००० |

४३ **नन् फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मूल्य अभिवृद्धी कर रु.१२,२९,४९६।- समेत रु.१,०४,२५,६९२- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु

कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। अतः मुल्य अभिवृद्धी कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मुअकर कर रकम | बिल नं./मिती | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| २२-०७९।०६।११ | चन्द्र सुर्य आयल स्टोर(३०३९४८४३२) | ६७६८७० | ७७८८० | | २०७६। T।१ |
| १०९-२०८०।३।५ | सुभम अडर एण्ड सप्लायर्स(६०३६६६३०००) | १२४६८२० | १६२९६१.९१ | ०१-२०८०।१।१५ | २०७९।M।८ |
| ११०-२०८०।३।५ | राज श्री निर्माण सेवा (६१८२५५४९०) | ७०५३३९ | ९१६९४ | ०४-२०८०।३।४ | २०७९। |
| ४९-२०८०।३।२३ | धर्म निर्माण सेवा(३०२९४७५३९) | ४७४६३५३ | ५४६०४० | १-२०८०।३।१९ | २०७९।M।१२ |
| | **जम्मा** | **७३७५३८२** | **८७८५७५.९१** | | |

*(प्रारम्भिक प्रतिवेदनउपर मुल्य समायोजन प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१८ को निर्णयबाट रु.३,५०,९१९.९ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,७८,५७५.९१ |

४४ **शिर्षक फरक पारी खर्च लेखेको -** आर्थिका कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा सम्बन्धित खर्च शिर्षकमा परेको वा खर्च गर्न बाँकी रहेछ भने बजेट खर्च गर्नुपर्ने र महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत र महालेखा नियन्त्रकको कार्यालयबाट जारी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्य, २०७४ अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । निम्न गोश्वारा भौचरबाट (केही नमुना) शिर्षक फरक पारी खर्च लेखेको हुँदा उक्त खर्च रकम नियमित गर्नुपर्ने रु.

| गो. भौ . नं ./ मिति | विवरण | खर्च लेखेको शिर्षक | लेख्नु पर्ने शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ९४-०७९।०८।२२ | स्थायि कर्मचारीको पारीश्रमिक भुक्तानी | करार सेवा शुल्क | कर्मचारी पारिश्रमिक | ११५३६०७.४ | वित्तिय समानिकरण बाट भुक्तानी |

| | | | | | |
|---|---|---|---|---|---|
| ९६-०७९।०८।२२ | पदाधिकारी सेवा सुविधा भुक्तानी | करार सेवा शुल्क | पदाधिरकारी सेवा सुविधा | ६४४५०० | वित्तिय समानिकरण बाट भुक्तानी |
| ४-२०७९।८।१७ | इन्टरनेटको रकम भुक्तानी | नविकरण उर्जा प्रविधि जडान | सञ्चार शुल्क | ४००००० | |
| | जम्मा | | | २१९८१०७.४ | |
| | | | | अनियमित भएको | २१,९८,१०७.४ |

४५ **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.३१,७१,५६७/- खर्च गरेको छ । सो खर्चको नमुना परीक्षण गर्दा भान्सामा प्रयोग हुने सामान खरिदमा मात्र रु.५,४१,१४७/- खर्च भएको देखियो । पालिकाले यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ ।

४६ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी १९६ जना व्यक्तिहरुलाई रु.१७,९५,०५०।- आर्थिक सहायता वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

४७ **भ्रमण खर्च** - कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

४८ **भ्रमण भत्ता -** कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १२ अनुसार अनुसुचि २ को द्रस्टव्य बमोजिम सरकारी कामकाजको लागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र यस अनुसूची बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुने व्यवस्था छ। नमुना परीक्षण गर्दा पालिकाले यस वर्ष देहायका पदाधिकारीहरुलाई सरकारी कामकाजको लागि जिल्ला भित्र भ्रमण गरेको अवस्थामा दैनिक भ्रमण भत्ता रु.२,०९,३००।- भुक्तानी गरेको हुदा पालिकाले अन्यको समेत छानविन गरी असूल गर्नुपर्ने रु.

| गो. भौ . नं / मिति | पद | नाम/थर | भ्रमण स्थान | भुक्तानी रकम |
|---|---|---|---|---|
| ०७७-०७९।०८।१९ | वडा अध्यक्ष | विष्णु के. सी . | लिकु | १०००० |
| | वडा सदस्या | खम बुढा | लिकु | १०००० |
| १८८-०७९।११।२५ | वडा अध्यक्ष | खम बहादुर बुढा | दुनै | १६९०० |
| २२५-०७९।१२।०१ | वडा अध्यक्ष | नन्दलाल रोकाया | हुम, लिकु , पाहाडा | १३००० |
| २४२-०७९।१२।०३ | वडा अध्यक्ष | भक्त बहादुर के. सी | गल्ली, रल्ली | १०००० |
| २५३-०८०।०३।२० | वडा अध्यक्ष | भक्त बहादुर के. सी . | फुल्चिङ्ग | १२००० |
| ३१२-०८०।०१।१४ | नगर प्रमुख | जनचन्द्र रोकाया | वडा अनुगमन | १४००० |
| ६६-०८०।३।२४ | वडा अध्यक्ष | देबेन्द्र चलाउने | अनुगमन | २७००० |
| | वडा अध्यक्ष | रन्जित बुढा | अनुगमन | २५००० |
| ४५८-०८०।०३।२० | उप-प्रमुख | देवि घर्ती | वडा नं. २ अनुगमन | १९४०० |
| | उप-प्रमुख | देवि घर्ती | वडा ३ र ४ अनुगमन | १२६०० |
| | उप-प्रमुख | देवि घर्ती | ५ र ६ अनुगमन | १२६०० |
| | उप-प्रमुख | देवि घर्ती | ७ र ८ अनुगमन | १२८०० |
| ४७९-०८०।३।२३ | वडा अध्यक्ष | खम बुढा | १ र २ ३ र ४ अनुगमन | १४००० |
| | | जम्मा | | २०९३०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०९,३०० |

४९ **बैठक भत्ता -** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था रहेको छ । उल्लेखित व्यवस्था अनुसार कार्यालयले देहायका पदाधिकारीहरुलाई रु.५,१००।- रकम बैठक भत्ता उपलब्ध गराएको सम्बन्धितबाट असुल गरी दाखिला गरिनुपर्ने रु.

| पद | नाम/ थर | रकम |
|---|---|---|
| सहलेखापाल | रुपचन्द्र बुढा | २५५० |
| सहायक कम्प्युटर अपरेटर | मिना बुढा | २५५० |
| | जम्मा | ५१०० |

*(प्रारम्भिक प्रतिवेदनउपर दाखिलाभएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१८ को निर्णयबाट रु.६,३७५/- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,१०० |

५० **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। नियमावलीको नियम नियम ३९(१३) बमोजिम चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न विल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यलयबाट प्रमाणित गराउनुपर्ने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु.१,८९,८९,७००।४ भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| गो. भौ . नं ./ मिती | विवरण | रकम |
|---|---|---|
| २३-०७९।०६।११ | करार कर्मचारीको | १६६९५६६९.४ |
| ३२-०७९।०६।१२ | जनप्रतिनिधि र कर्मचारीको भ्रमण खर्च भुक्तानी | ९६८९५५ |
| ३६-०७९।०६।१३ | पुरानो वर्षको घरभाडा भुक्तानी | ३२९००० |
| १०१-०७९।०८।२९ | २०७८ कार्तिकदेखि अषारसम्मको भरभाडा भुक्तानी ( कोभिड व्यवस्थापनको लागि ) | ९९००० |
| ४७१-०८०।०३।२३ | वडा नं. ११ घर भाडा | ६०००० |
| ६-२०७९।६।१३ | त्रिपुराकोट स्वास्थ्य चौकीमा कार्पेट पर्दा तन्ना लगायतका सामाग्री खरिद | १००००० |

| | | |
|---|---|---|
| ७-२०७९।६।१३ | वडा नं. १ र १० को चालु खर्च | ४००००० |
| ४९-२०७९।०६।१३ | मसलन्द खरिद कार्य | ३३७०७६ |
| | जम्मा | १८९८९७००.४ |

| | |
|---|---|
| अनियमित भएको | १,८९,८९,७००.४ |

५१ **स्थानीय तहका पदाधिकारी सुविधा -** नेपालको संविधानको धारा २२७ मा नगर सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.८८,०७,०००।- सुविधा वापत भुक्तानी भएको छ ।

५२ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन, २०४९ को दफा ७(२ख) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ ।पालिकामा कार्यरत कर्मचारीहरुको रु.१,४९,८८,०८३/- स्वास्थ्यतर्फको रु.१,७५,३१,३२८.७/- शिक्षातर्फको रु.१०,५८,९३,४९३/- गरी रु.१३,८४,१२,९०४।७ तलव खर्च लेखेकोमा तलव प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५३ **न्यायिक समितिको बैठक -** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७७ दफा ११(२) को तर मा गाउँ तथा नगरपालिकाका न्यायिक समितिको हकमा त्यस्ता समितिका सदस्यहरुले प्रतिमहिना बढीमा दुईवटा बैठकको लागि प्रतिबैठक पाँचसय रुपैयाँका दरले इजलास भत्ता पाउने व्यवस्था छ। यस वर्ष पालिकाको न्यायिक समितिको बैठकमा देहायका पदाधिकारीहरुले तोकिएको दर भन्दा बढी दरमा वैठक भत्ता भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| सि.नं. | नाम थर | भुक्तानी रकम | बढी वैकठको भुक्तानी | बढी दरमा भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|
| १ | देवि घर्ती | ४८४५० | १७८५० | २०४०० | ३८२५० |
| २ | रण बहादुर बुढा | ४८४५० | १७८५० | २०४०० | ३८२५० |
| ३ | ज्ञान बहादुर बुढा | ४८४५० | १७८५० | २०४०० | ३८२५० |
| ४ | जनचन्द्र रोकाया | ३८२५ | | २५५० | २५५० |
| ६ | रत्न लक्ष्मी कठायत | १२७५ | | ८५० | ८५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | गंगा लक्ष्मी उपाध्याय | १२७५ | | ८५० | ८५० |
| ८ | दिप प्रसाद बोहोरा | १२७५ | | ८५० | ८५० |
| | जम्मा | | | | १,१९,८५० |

*(प्रारम्भिक प्रतिवेदनउपर दाखिलाभएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१८ को निर्णयबाट रु.१,७००/- सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१९,८५० |

५४ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु.१७,८३,९४।- खाजा भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

५५ **स्थानिय भत्ता** - करार संझौता गर्दा तलब, पर्व खर्च र पोशाक खर्च बाहेक अरु सुविधा नपाउने गरी बढिमा छ महिनाको समय अवधि राखी करार संझौता गर्नुपर्दछ । साथै अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघिय मामिला तथा सामान्य प्रशासनलाई लेखेको पत्रमा महगि भत्ता सम्बन्धमा कुनै पनि कानूनी व्यवस्था भएको नपाइएकोले करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा पेश गरेको छ। पालिकाले कर्ण बहादुर कार्कीलाई करार संझौता अन्तर्गत स्थानीय भत्ता दिने गरी संझौता गरेको देखियो ।कानुन बेगर सुबिधा दिनेगरी संझौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७७,१२० |

५६ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले कार्यालय ३४ जना कार्यालय सहयोगी रु.८१,६०,०००।– खर्च गरेको छ । कार्यालय सहयोगी कति चाहिने हो सो आधारमा मात्र मितव्यायी हुने तरिकाले राख्नुपर्दछ । पालिकाले उल्लेखित पदहरुमाबाहेक १८ पदमा ५८ कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.१,८१,४०,१७६।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,८१,४०,१७६ |

५७ **फिल्ड भत्ता** - पालिकाले प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता मासिक रुपमा उपलब्ध गराएकोमा फिल्डमा गएको समयमा दैनिक भ्रमण भत्ता समेत उपलब्ध गराएको छ । फिल्ड तथा दैनिक भ्रमण भत्ता दोहोरो भुक्तानी भएकोले निम्नअनुसार रु.२,४३,०००।– असुल गर्नुपर्ने रु.

| पद | नाम/ थर | मासिक | महिना | जम्मा |
|---|---|---|---|---|
| सव इन्जिनियर | जय बहादुर बुढा | ३००० | १२ | ३६००० |
| सव इन्जिनियर | जय प्रकाश साह | ३००० | ९ | २७००० |
| सव इन्जिनियर | राहुल कुमार यादव | ३००० | ९ | २७००० |
| सव इन्जिनियर | सिर्जना विष्ट | ३००० | ९ | २७००० |
| अमिन | पुर्ण बहादुर विष्ट | २५०० | १२ | ३०००० |
| असिस्टेण्ट सब इन्जिनियर | रुप चन्द्र धराला | २५०० | १२ | ३०००० |
| इन्जिनियर | कर्ण बहादुर कार्की | ३५०० | १२ | ४२००० |
| सव इन्जिनियर | दान बहादुर थापा | २००० | १२ | २४००० |
| जम्मा | | | | २४३००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४३,००० |

५८ **नगर प्रहरी** - पालिकाले मिती २०७९ पुस देखी १ जना हवल्दार र ६ जना नगरप्रहरी गरी जम्मा ७ जना प्रहरी नियुक्ती गरेको छ। नगर प्रहरीको लागि रु.२३,०९,०२०।- खर्च गरेको छ। नगर प्रहरी सम्बन्धी कानुनमा सेवा सुविधा, बढुवा लगाएतका वृत्ति विकास सम्बन्धि कुराहरु उल्लेख गरीएको छैन। जसको कारण नगर प्रहरीको परीचालन तथा व्यवस्थापनमा कठिनाई आउने अवस्था रहेको देखिन्छ।

५९ **विपद व्यवस्थापन कोष** - नेपालको संविधामा बमोजिम विपद व्यवस्थापन गर्ने अधिकार तथा कर्तव्य संघ, प्रदेश र स्थानिय तहको साझा अधिकार एवं स्थानिय तहको एकल अधिकार सुचिको विषय हो। विपद व्यवस्थापनको लागि पालिकाले आवश्यक निर्देशिका तथा कार्यविधि तयार गरेको छैन। यस वर्ष विपद व्यवस्थापनमा वित्तीय समानिकरणबाट रु.९,९७,०००।– र आन्तरिक स्रोतबाट रु.७,०५,८७५।– गरी जम्मा रु.१७,०२,८७५।– खर्च गरेको छ। कानुन तथा कार्यविधि वेगर खर्च गर्दा स्रोतको सदुपयोगिता, मितव्यिता तथा योजनाबद्ध रुपमा विपद व्यवस्थापनमा कठिनाई उत्पन्न हुने अवस्था देखिन्छ । तसर्थः पालिकाले विपद व्यवस्थापनको लागि आश्वयक कार्यविधि निर्माण गरेर मात्र खर्च गर्नुपर्दछ ।

६० **रेडियो विज्ञापन** - रेडियोमा सूचना, समाचारमुलक तथा जनचेतनामुलक कार्यक्रमको प्रसारण वापत रकम भुक्तानी गर्दा जिङ्गलको आधारमा भुक्तानी गर्नुपर्दछ। जसको दर निर्धारण गर्दा प्रसारण समय, अविध र पटकको आधारमा रकम निर्धारण गर्नुपर्नेमा एकमुष्ट भुक्तानी गरेको देखिन्छ। पालिकाले देहायबमोजिमको

रेडियोलाई रकम भुक्तानी गरेकोमा कार्यक्रमको विषय र जिङ्गलको विवरण वेगर भुक्तानी गरेकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.नं./मिती | रेडियो | रकम |
|---|---|---|
| २२७-०७९।१२।०१ | रेडियो डोल्पा | ८६००० |
| २८९-०८०।०१।११ | सु-शासन मडिया प्रा.ली. | ५८४४० |
| ४९९-०८०।०३।२४ | रेडियो डोल्पा | २८००० |

६१ **अस्पताल निर्माण पेश्की** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) निर्माण व्यवसायी वा सेवा प्रदायकले खरिद सम्झौता वमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र सम्पादन नगरेको कारणले पेश्की फस्यौंट हुन नसकेमा सार्वजनिक निकायले बैंक जमानतको रकमबाट प्राप्त गरी पेश्की फस्यौंट गर्नुपर्नेछ र निजबाट त्यस्तो पेश्की रकमको सयकडा दश प्रतिशत व्याज समेत असुल उपर गर्नुपर्ने उल्लेख छ । पालिकाले ५ शैयाको अस्पताल निर्माणको लागि मिति २०८०।०७।३१ मा कार्य सम्पन्न गर्ने गरी रु.३,५७,६६,२२९/- मा रेलिगेर वुद्ध हिमाली जेभि,काठमाण्डौसँग खरिद संझौता गरी मिति २०७८।३।३१ मा रु.६०,००,०००/- मोविलाईजेशन पेश्की दिएको देखिएको देखियो । निर्माण व्यवसायीले हालसम्म (लेखापरीक्षण अवधि २०८० असोज सम्म) पनि कार्यारम्भ भएको देखिएन ।नेपाल सरकारबाट एक पालिका एक पन्ध्र शैया अस्पताल कार्यक्रम अनुसार निर्माण गर्ने सो अस्पताल पाँच शैयाको मात्र आयोजना प्रतिवेदन स्वीकृत भएको कारण निर्माण कार्य हुन नसककेको देखियो । हाल पुनः स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०७९।१।१२ को पत्रानुसार पन्ध्र शैया अस्पतालको ड्रईङ, डिजाइन तथा नक्साको स्वीकृत भएपनि खरिद प्रक्रिया पुरा भएको छैन ।उक्त पेश्कीको कार्यसम्पादन जमानतको म्याद समेत १ वर्ष अघि नै समाप्त भएकोले उक्त पेश्की जोखिममा परेको छ ।गलत आयोजनाका लागि खरिद संझौता गरी पेश्की दिने पदाधिकारीलाई जिम्मेवार बनाई पेश्की लिई निर्माण कार्यको नगर्ने निर्माण व्यवसायीबाट नियमानुसार हर्जाना समेत उक्त पेश्की असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,००,००० |

६२ **कार्य स्वीकार तथा कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ को उपनियम (२क) मा निर्माण कार्यको कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्धेश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्थामा सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२५ को उपनियम (२) मा निर्माण कार्य सम्पन्न भई त्रृटी सच्याउने दायित्वको अवधी सम्पन्न भएपछि त्यस्तो निर्माण कार्य तोकीए बमोजिम भए नभएको सम्बन्धित प्राविधिकबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण गरेका सम्पूर्ण निर्माण कार्यको कार्य स्वीकार तथा कार्य सम्पन्न प्रतिवेदन एकैपटक जारी गरेको कारण निर्माण कार्यको नियमानुसारका कार्य सम्पन्न प्रतिवेदन जारी भएको अवस्था छैन । निर्माण कार्यको त्रृटी सच्याउने अवधि समाप्त भएपछि मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी संरचनाहरुको यथार्थता एकिन गर्नु पर्दछ ।

६३ **ग्याससचुलो खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० मा शिलवन्दी दरभाउपत्र माग गर्दा राष्ट्रिय वा स्थानीय समचार पत्रमा कम्तिमा पन्ध्र दिनको अवधि दिई सूचना प्रकाशित गर्नुपर्ने त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजजना अनुसार बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जनुसुकै सेवाको लागि शिलवन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्ने उल्लेख छ । पालिकाले ग्यासचुलो खरिद तथा वितरणका लागि गत वर्ष र यस वर्षको कार्यक्रमबाट खरिद गरी रु.२३,९८,०६४।- भुक्तानी दिएको छ । कानूनमा उल्लेख भए बमोजिम सूचना प्रकाशन नगरी नगरपालिकाको सूचना पाटीमा टाँस गरेको पाइयो । खरिद कार्यका लागि वडा नं. ३ को वडाध्यक्षले चलानी नम्बर ४८६-२०८०।१।१९ बाट त्रिपुरा सुन्दरी नगरपालिका वडा नं. ३ भित्र संचलालित सप्लायर्सलाई प्राथमिकता दिने गरी टेण्डर आह्वान गरिदिन नगरपालिकालाई सिफारिस गरेको देखियो । क्षेत्राधिकार बाहिर गई प्रतिस्पर्धालाई सीमित गर्ने गरी खरिद कार्य गर्न सिफारिस गर्ने जनप्रतिनिधीलाई जिम्मेवार बनाई सो भुक्तानी नियमित गर्नुपर्ने रु.

| गोश्वारा भौचर नं. | कार्यक्रम | आपूर्तिकर्ता | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| १०९-२०८०।३।५ | ग्यास चुलो खरिद (गत आवको कार्यक्रम) | सुभम अडर एण्ड सप्लायर्ससँग | १३,०३,६९५। | १२४६८२० |
| १०९-२०८०।३।५ | ग्यास चुलो खरिद वडा नं. ३ कार्यक्रम | राज श्री निर्माण सेवा | १२,००,०००/- | ११५१२४४ |
| | | | जम्मा | २३९८०६४ |

| | |
|---|---|
| अनियमित भएको | २३,९८,०६४ |

६४ **कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित मालसामान आपूर्तिकर्ता वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति(वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्व(डिफेक्ट लायवबिलिटिज)को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने उल्लेख छ । पालिकाले देहायको निर्माण कार्यमा कानूनले तोकेको अवधि सम्मको कार्यसम्पादन जमानत पेश गरेको देखिन्दैन । कानूनले तोकेको समयावधिसम्मको कार्यसम्पादन जमानत पेश भएको प्रमाण पेश गर्नुपर्ने रु.

| ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | सम्झौता रकम | कार्य समास भएको अवधि | कार्यसम्पादन जमानत रकम | जमानत रकम रु |
|---|---|---|---|---|---|---|
| १-२०७९।८० | वर्थिङ सेन्टर निर्माण वडा नं. २ | ओ भि निर्माओ सेवा | ४२१६४८७ | २०८०।३।१० | २०८०।१२।१४ | २५०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २-२०७९।८० | वर्थिङ सेन्टर निर्माण वडा नं. ४ | सृष्टि निर्माण सेवा | ४२१६१७२ | २०८०।३।११ | २०८०।५।१५ | २४९७४७ |
| ३-२०७९।८० | वर्थिङ सेन्टर निर्माण वडा नं.८ | सिंहराज एण्ड यमराज निर्माण सेवा | ४२१६४८७ | २०८०।३।१२ | २०८०।५।३१ | २५०००० |
| ४-२०७९।८० | वर्थिङ सेन्टर निर्माण वडा नं.११ | धर्म निर्माण सेवा | ४२१३९६२ | २०८०।३।१३ | २०८०।५।३१ | २५०००० |
| ५-२०७९।८० | वर्थिङ सेन्टर निर्माण वडा नं. ६ | काजल मल्टी विल्डर प्रा.ली | ५०७२५९५ | २०८०।३।१४ | २०८०।५।१५ | २९९८४७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,९९,५९४ |

६५ **कार्यादेश विना भुक्तानी** - २२-२०७९।८।२१ रंगशालाको प्राविधिक प्रस्ताव पेश गरी धर्मशिला रोकायलाई रु. ५०,०००/- भुक्तानी दिएको देखियो । पालिकाले उक्त प्रस्ताव खरिद कार्यको लागि वजेट व्यवस्थापन, खेलकुद मैदान स्थान, कार्यक्षेत्रगत शर्त तथा संझौता तयार गरेको देखिएन । साथै प्राप्त अध्ययन प्रतिवेदन कार्यान्वयनका लागि पालिकाले वजेट व्यवस्था गरी खरिद प्रक्रिया शुरु गरेको नदेखिएकोले कार्यालयबाट भुक्तानी भएको उक्त रकम औचित्यपूर्ण नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

६६ **एस्काभेटर खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट र कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले लागत अनुमान तथा स्पेशिफिकेशन स्वीकृत नगराई एक्साभेटर खरिदका लागि जगदम्बा कन्स्ट्रक्सन सोलुसानसँग रु. ९३ लाख ९९ हजार ९ सय ९९ मा संझौता गरी रु.२५ लाख मात्र भुक्तानी गरेको छ । पालिकामा प्राप्त भइसकेको मेशिनको स्पेशिफिकेशन बमोजिमको प्राविधिक परीक्षण प्रतिवेदन भएको छैन । आपुर्तिकर्ताले सम्झौता रकमकै कर विजक पेश गरेको भएता पनि अग्रीम रु.१,४१,०००।० कट्टी नगरी भुक्तानी गरेकोले अग्रिम कर दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४१,००० |

६७ **प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) र नियमावली २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यमबाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था

रहेको छ । त्यसैगरी सोही ऐनको दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्द गर्न सकिने प्रावधान समेत रहेको छ । बिद्युतीय खरिद प्रणाली अवलम्बन नगरेको कारण कार्यालयले पेश गरेको विवरण अनुसार ८ वटा ठेक्काको खरिद सम्झौता गर्दा ५ वटा ठेक्कामा लागत अनुमानको तुलनामा बढीमा ०.१६ प्रतिशतसम्म घटीको कबोल अंकमा ठेक्का सम्झौता भएको छ । प्रतिस्पर्धा सीमित नहुने गरी विद्युतीय सञ्चार माध्यमको प्रयोगबाट खरिद कार्य गर्दा मितव्ययी र गुणस्तरीय समेत हुने गरी खरिद सम्झौता गर्नेतर्फ कार्यालयको ध्यान दिनुपर्ने देखिन्छ ।

| ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | लागत अनुमान रकम(मूल्यअभिवृद्धि कर बाहेक) | सम्झौता रकम(मूल्यअभिवृद्धि कर बाहेक) | घटि प्रतिशत |
|---|---|---|---|---|---|
| १-२०७९।८० | वर्थिङ सेन्टर निर्माण वडा नं. २ | ओ भि निर्माओ सेवा ब | ४२२०७३१ | ४२१६४८७ | ०.१ |
| २-२०७९।८० | वर्थिङ सेन्टर निर्माण वडा नं. ४ | सृष्टि निर्माण सेवा | ४२२०३३१ | ४२१६१७२ | ०.११ |
| ३-२०७९।८० | वर्थिङ सेन्टर निर्माण वडा नं.८ | सिंहराज एण्ड यमराज निर्माण सेवा | ४२२०३३१ | ४२१६४८७ | ०.१ |
| ४-२०७९।८० | वर्थिङ सेन्टर निर्माण वडा नं.११ | धर्म निर्माण सेवा | ४२२०३३१ | ४२१३९६२ | ०.१६ |
| ५-२०७९।८० | वर्थिङ सेन्टर निर्माण वडा नं. ६ | काजल मल्टी विल्डर प्रा.ली | ५०७३८६१ | ५०७२५९५ | ०.०५ |

६८ **विल भरपाई पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा खर्च गर्ने पदाधिकारीले रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ । पाललिकाले देहायको भुक्तानी गर्दा निवेदनको आधारमा विल भरपाई, कर विजक तथा प्राविधक नापी किताव तथा विल बेगर नगर प्रमुखको तोक आदेशको आधारमा रु.७,२३,५००/- भुक्तानी गरेको देखियो । उक्त खर्चको पुष्टी हुने कागजात तथा प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| भौचर नंम्बर | विवरण | भुक्तानी लिनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १५-२०७९।८।११ | छात्रबास मर्मत कार्य | लक्ष्मी आधारभूत विद्यालय | २५०००० |
| २५-२०७९।८।१९ | बाटो मर्मत कार्य | फोक्सण्डो कन्स्ट्रक्सन | ९८००० |
| २९५-८०।३।२३ | सामान खरिदको लागि | जुन कुमारी रोकाय | १००००० |
| १०-०७९।०९।०१ | औषधी तथा अन्य विविध कार्यक्रम | लक्ष्मण पौडेल | १५०००० |

| | | | |
|---|---|---|---|
| १०९-०७९।०९।१ | सवारी साधन मर्मत | अमर ब बस्नेत | २५५०० |
| ६८-०७९।०८।१८ | सूचना प्रकाशन | इन्द्र बहादुर रोकाया | १००००० |
| | जम्मा | | ७२३५०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२३,५०० |

६९ **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरदि नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईका कारण खरिद संझौता बमोजिम काम सो संझौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणयता प्रति दिन सम्झौता रकमको शून्य दशमलव शून्य पाँच प्रतिशत पूर्व निर्धारत क्षतिपूर्ति दिनपर्ने व्यवस्था छ । पालिकाले मिति २०७८।४।२८ मा जे वि जि/ऋषिराज निर्माण सेवासँग रु.२७,२८,२९६/- मा मिति २०७८।१०।२७ मा कार्य सम्पन्न गर्ने गरी संझौता गरेकोमा निर्माण व्यवसायीले मिति २०७९।६।२८ मा मात्र भुक्तानीको लागि निवेदन तथा विल दर्ता गरेको देखियो । कानुनमा उल्लेख गरेको भन्दा २४५ ढिला गरी कार्य सम्पन्न गरेकोले प्रति दिन संझौता रकमको रु.१३६४.१५ का दरले हुन आउने रकम रु.३,३४,२१६।- सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३४,२१६ |

७० **बिस्तृत आयोजना प्रतिवेदन खर्च** - १९९-०७९।१२।१० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) बमोजिम मालसामानको लागत अनुमान तयार गर्दा र नियम १२(२) अनुसार परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने र साथै प्याकेजिङ्ग गरी बोलपत्रको माध्यमबाट समेत खरिद गर्न सकिनेमा नियम 72 बमोजिम मौजुदा सूचीमा रहेका परामर्शदाताबाट प्रस्ताव माग लागत अनुमान तयार नगरी नेपाल डिजाइन सेल एण्ड इन्जिनियर्स सर्भिसबाट रु.२३,८७,९९८/- को वडा कार्यालय भवन र कल्भर्ड पुलको आयोजना बिस्तृत प्रतिवेदन तयार गरेकोमा परामर्श सेवा खरिदको लागत अनुमान तयार गरेको छैन । लागत अनुमान तयार वेगर स्वीकृत बजेटको अनुसार खर्च भएकोले खरिद मितव्यायी र पारदर्शी देखिदैन। अतः नियमावलीको व्यवस्था अनुसार खरिद कार्य सम्पन्न गरी र्च गर्नुपर्दछ ।

७१ **कर विजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५३ तथा नियमावली, २०५३ मा ढुवानी भुक्तानीमा मूल्यअभिवृद्धि कर शून्य प्रतिशत हुने व्यवस्था छैन । पालिकाले देहायको आपुर्तिकर्ता मूल्य अभिवृद्धि करमा दर्ता भएको देखिएता पनि ढुवानी रकममा मूल्य अभिवृद्धि कर छुट्याई विजक जारी गरेको देखिएन ।दर्ता भएका करदाताले मूल्य अभिवृद्धि कर विजक जारी नगर्दा भुक्तानीमा हुन गएको मूल्य अभिवृद्धि कर रु.६७,२४२।- असुल गर्नुपर्ने रु.

| गोश्वारा भौचर | आपूर्तिकर्तालाई | भुक्तानी रकम | मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्ने |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ४५-२०८०।३।२२ | गणेश ढुवानी सेवा | ७५००० | ९७५० |
| ३४-२०८०।३।२ | वि सि ढुवानी साव | ८२२४७ | १०६९२ |
| ११०-२०८०।३।१० | राज श्री निर्माण सेवा | ३६०००० | ४१४१६ |
| | जम्मा | | ६७२४२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,८५८ |

७२ **दायित्व सिर्जना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(५) मा सार्वजनिक निकायले वहुवर्षिय सम्झौता वमोजिम गरिने खरिदको कारवाही गर्दा आवश्यक पर्ने वजेट सुनिश्चितता गरेर मात्र खरिदको कारवाही गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष अनुसार स्वीकृत वजेटलाई मितव्ययी एवं प्रभावकारी बनाई कार्यान्वयन गर्नका लागि वार्षिक वजेट तथा कार्यक्रम प्रभावकारी सञ्चालन गर्नुपर्दछ । पालिकाले उपभोक्ता समिति लागयत निर्माण कार्य गर्दा स्रोत सुनिश्चितता गर्ने नगरेको कारण पालिकाको प्रशासकीय भवन निर्माण लगायत विभिन्न उपभोक्ता समितिहरुको विविध योजनाहरु भुक्तानी गर्न नसकी देखिएको छ । पालिकाले कार्य पालिकाको २०७९।०८।१५ को निर्णय नं.५ मा ०७८/७९ को विविध शीर्षकबाट सञ्चालित योजनाहरु मध्ये भुक्तानी दिन बाँकी रहेका योजनाहरुको लागि रु.१ लाख भन्दा कमका भए ५० प्रतिशत र सो भन्दा बढीको भए ४० प्रतिशतका दरले यस वर्षको वजेटबाट भुक्तानी गर्ने निर्णय गरेको देखियो ।नीति तथा कार्यक्रम र स्वीकृत वजेट वेगर पटके निर्णयबाट कार्यक्रम सञ्चालन गरी दायित्व सिर्जना गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

७३ **अनुदान सहभागिता** - अनुदान उपलव्ध गराउन स्वीकृत निर्देशिका अनुसार लाभग्राहीको संलग्नताका लागि तोकिएको अनुपातमा लागत सहभागिता निर्धारण गरी सो अनुपातिक कट्टा गरी भुक्तानी गर्नुपर्दछ । पालिकाले गतवर्ष बैकल्पिक उर्जा प्रवर्दधन केन्द्रबाट आधुनिक चुल्हो वितरणका लागि लाभग्राहीले व्यहोर्न पर्ने २० प्रतिशत रकम समपुरक अनुदानका रकमबाट खर्च गरेकोमा सोको सोधभर्ना रकम लाभग्राहीबाट फिर्ता भएको छैन । कार्यपालिकाको २०८०।०१।०६ को ५ नं. निर्णअनुसार उक्त रकम न्यायिक समितिका सदसर्य श्री रण बहादुर बुढा जिम्मेवार रहकोले अनुदानको लागत सोधभर्ना रकम रु.१६,७१,२७०/- फिर्ता गराउने निर्णय भएपनि उक्त रकम हालसम्म सञ्चित खातामा दाखिला भएको नदेखिएकोले सो रकम दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,७१,२७० |

७४ **सुरक्षित नागरिक आवास कार्यक्रम** - सुरक्षित नागरिक आवास कार्यक्रम कायान्वयन कार्यविधि, २०७५ को दफा ५(७) अनुसार अनुदान उपलव्ध गराउदा स्थानीय तह संग सझौता भएपछी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलव्ध गराउने र निर्माण कार्यसम्पन्न भए पश्चात अनुसुची-३ वमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत वांकी ४० प्रतिशत अनुदान रकम उपलध गराउने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष ११४ वण्डल जस्तापाता खरिद गरी रु.१५,३५,७९२/-

भुक्तानी गरेको पाइयो ।खरिद भएका जस्तापाता वितरण गरी जडान भएको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छैन । उक्त जस्तापाता प्रयोग तथा उपयोग भएको अनुसुची-३ वमोजिमको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,३५,७९२ |

७५ **बीमा भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद संझौता बमोजिम रु.२० लाख भन्दा मूल्यको निर्माण कार्यमा बीमा गराउनुपर्ने उल्लेख छ । पालिकाले देहायको निर्माण कार्यको संझौतामा बीमा रकम उल्लखे गरी रु.२,००,०००।- बीमा वापत भुक्तानी दिएकोमा बीमा गरेको कागजात पेश नगरेकोले उक्त भुक्तानी रकम असुल गर्नुपर्ने रु.

| योजनाको नाम | निर्माण व्यवसायी | बीमा भुक्तानी रकम |
|---|---|---|
| चुँगाङ देखि खोपु हुँदै पतिहाल्ना सम्म सडक निर्माण | जगदुल्ला कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली. | १००००० |
| राधाखोला पातिहाल्ना बेल्डाँडा हुँदै गुम्बा सम्म ग्रामिड सडक निर्माण | सिंहराज एण्ड यमराज निर्माण सेवा | १००००० |
| | जम्मा | २००००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००,००० |

७६ **लघु जलविद्युत मर्मत** - पालिकाले देहायको लघु जलविद्युत आयोजनाको मर्मत कार्यका लागि रु.२८,०६,३०८।० भुक्तानी दिएको छ । उक्त जल विद्युत आयोजना संचलान तथा व्यवस्थापन सम्बन्धी कागजात पेश गरेको छैन । उक्त आयोजनाहरु उपभोक्ता समितिमार्फत् संचलान गरिएता पनि उक्त योजनाहरुको वार्षिक आम्दानी तथा खर्चको विवरण पेश भएको छैन । पालिकाबाट अनुदान गएको रकमको नियमित, मितव्ययी तथा प्रभावकारी रुपमा उपयोग भए/नभएको तथा सोबाट प्राप्त प्रतिफल समेतको बिश्लेषण भएको देखिएन । पालिकाको आन्तरिक स्रोत समेतलाई मध्यनजर गरी अनुदानको भार घटाउदै जानु पर्दछ।

| क्र.सं. | योजना | रकम |
|---|---|---|
| १ | खातिखोला लघु जलविद्युत योजना | ४११७८३ |
| २ | खाली छहरा लघु जलविद्युत योजना | २२५२०२५ |
| ३ | छलगाढ लघुज लविद्युत योजना | १४२५०० |
| | जम्मा | २८०६३०८ |

७७ **पालिकाको प्रशासकीय भनव** - पालिकाको प्रशासकीय भनवः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नापजाँचगरी नापी किताव मा उल्लेख भएको वास्तविक नापजाँचको आधारमा

भुक्तानी दिनुपर्ने उल्लेख छ। प्रशासकीय भवन निर्माण कार्यका लागि कुशेश्वर।जि.वि. जेभि लाई रु.१५,००,०००/- भुक्तानी भएको छ । तर निर्माण कार्यको नापीकिताव, रनिङ्ग विल र कर विजक पेश नभएकोले प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००,००० |

७८ **खेलकुद पुर्वाधार निर्माण** - खेलकुद पुर्वाधार निर्माणः संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत पालिकामा यस वर्ष रु.८ लाख विनियोजन भई खेल मैदान सफाइ गर्ने र चर्पी वनाउने कार्यमा सम्पूर्ण रकम खर्च गरेको छ । गत वर्ष सोही मैदानका लागि रु. ७ लाख ५० हजार खर्च भएकोसमेत जम्मा रु.१५ लाख ५० हजार खर्च भएपनि खेलकुद मैदानका खेलकुदका लागि उपयुक्त छैन । स्थलगत निरीक्षण गर्दा खेल मैदानका लागि सो जग्गा उपयुक्त र पर्याप्त देखिदैन । पालिकाले बिस्तृत अध्ययन प्रतिवेदन वेगर अनुपयुक्त ठाउँको छनोट गरेर खर्च गर्ने कार्यमा नियन्त्रण गरी पूर्वाधार निर्माणमा भएको खर्च सदुपयोग गर्नुपर्दछ ।

७९ **निर्माण कार्यको नाप** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाबाट निर्माण भएका सम्पूर्ण निर्माण कार्यहरुको नाँपसंग भिडान हुनेगरी चेनेज खुलाई स्लोप कटिङ्ग लगायत फिलिङ्ग एरिया एवं परिमाण यकिन हुने ड्रइङ्ग संलग्न गर्ने गरेको छैन । सडक तथा भवन निर्माण जस्ता निर्माण कार्यमा समेत ड्रइङ्ग संलग्न नगरेबाट बिलमा उल्लेखित परिमाण यकिन हुने अवस्था छैन । सडक निर्माणमा रिटेनिङ्गवाल लगाएकोमा चेनेज खुलाउने नगरेको, ग्याविन जालीको नाप एवं परिमाण गर्दा लेयर सहितको ड्रइङ्ग समावेश नगर्ने गरेको, उपभोक्ता समितिहरुबाट सञ्चालित योजनामा सामाग्री विवरण (Material Breakdown) नदिने, निर्माण कार्यसंग दक्ष तथा अदक्ष श्रमिक बिश्लेषण नगरेबाट उपभोक्ताले डोर हाजिरमा उल्लेख गरेको जनशक्ती मेल नखाने, उपभोक्ताको बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको लगायत अवस्था देखिन्छ । लागत अनुमान बरावर मूल्याङ्कन भएको देखिदा वास्तविक काम सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति, म्याद थप लगायतका बिलमा खुलाउनुपर्ने तथ्याङ्क स्पष्ट उल्लेख गर्ने गरेको पाईएन । प्राविधकले इन्जिनियरिङ नर्म्स बमोजिम ड्रइङ्ग लगायत चेनेज, स्थान, परिमाण खुल्ने अन्य पुष्टयाइ गर्ने कागजात संलग्न गरी निर्माण कार्यको नाँप एवं परिमाण वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

८० **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

८१ **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको

निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

८२ **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र साना तिना अन्य खर्च २ प्रतिशत सम्म समावेश गर्न सकिने व्यवस्था छ। पालिकाले कन्टिन्जेन्सी बापत रकम कट्टा गरी खर्च गरे पनि योजनागत विवरण देखिने गरी अभिलेख राखेको छैन। कन्टिन्जेन्सी खर्चको अद्यावधिक अभिलेख राखी खर्च गर्ने व्यबस्था हुनु पर्दछ ।

८३ **उपभोक्ताबाट गर्ने काममा भारी उपकरणको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने, उपनियम (९क) मा हेभी मेशिनरी प्रयोग गरेमा उपभोक्तासंगको संझौता रद्द हुने र उपनियम (१३क) बमोजिम उपभोक्ता समितिसंगको संझौता रद्ध गरी उपभोक्ता समितिलाई भविश्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखि सो काम गर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफरिस गर्नुपर्ने व्यवस्था छ । नियमको उक्त व्यवस्था पालना नगरी लागत अनुमान तयार गर्दा नै प्राविधिकले मेशिनबाट काम गर्नेगरी लागत अनुमान तयार गर्ने र उपभोक्ताले आफुले संझौता गरेका धोरा खोला देखि फुल्चिकसम्मको कृषि सडक निरमाण उपभोक्ता समितिलाई दिएको काममा निर्माण व्यवसायी सृष्टी निर्माण एण्ड सप्लायर्सको बिल संलग्न गरी भुक्तानी उपभोक्ताले रु.१६,८०,४५८/- कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी लिएको छ । नियममा उल्लेखित व्यवस्था पालना नगरी उपभोक्ताको कामको लागत अनुमान तयार गर्ने प्राविधिकलाई समेत जिम्मेवार बनाई उपभोक्ताको काम गर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राखेको प्रमाण संलग्न गरी नियमित भएको प्रमाण पेस हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १६,८०,४५८ |

८४ **नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP२ )** - पालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम विचमा संझौता भई लागत साझेदारीमा पहाडा भुटीङ तटवन्धन योजना, करेलीडाँडा तटन्धन निर्माण योजनामा संचलान तथा सचेतना कार्यक्रम गरी कार्यक्रमकोतर्फबाट रु. ५४ लाख ६६ हजार भुक्तानी भएको छ। यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छः

८४.१ सचेतना कार्यक्रम संचालन गरी रु.५ लाख खर्च गरेकोमा सेवा प्रदायकसँग कार्यक्षेत्रगत शर्त तयार गरेको तथा दरभाउ पेश गरेको देखिएन । कार्यविवरण शर्त तयार गरेर संझौता गरिनु पर्दछ ।

८४.२ कार्यक्रमबाट दिप वानियाँलाई रु. १० हजार र अन्य खर्चमा रु. १० हजार भुक्तानी भएको देखियो । यस उक्त भुक्तानी दिनुपर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

८४.३ सचेतना कार्यक्रम संचालनमा विपद व्यवस्थापनका लागि उपयोग नक्साङ्कन गरी रु.९५ हजार खर्च भएकोमा खर्चको विवरण पेस नभएकोले असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९५,००० |

८५ **उपभोक्ता समिति परिचालन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययी गुणस्तरीयता वा दिगोपना हुने भएमा वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिलाई तोकिएको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने व्यवस्था गरेको छ । सोही व्यवस्थाको कार्यान्वयनका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत खरिद गर्दा अपनाउनुपर्ने विधि र प्रक्रिया उल्लेख गरिएको छ । पालिकाले यस वर्ष विभिन्न ४१ योजनामा उपभोक्ता समिति परिचालनमार्फत रु.५ करोड ६७ लाख २ हजार खर्च गरेको छ । उपभोक्ता समितिबाट गरेको काम सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।

८५.१ **निर्माण लगत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ११ ले उपभोक्ता समितिले गरेको कामको जाँचपास गरी जन श्रमदानबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गरेपछि सार्वजनिक निकायले प्राप्त विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, सुपरीवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्नेगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले प्रत्येक वर्ष विभिन्न उपभोक्ता समिति वनाई सडक लगायत पूर्वाधार निर्माण कार्य गरेपनि सो को अभिलेख राखेको छैन । पालिकाको लागि आवश्यक संरचना यकिन गर्ने, सर्त अनुसार बनाइएका संरचना अभिलेखांकन गर्ने पालिका लगायत अन्य निकायले गरेको कामको समन्वयात्मक रुपमा सहकार्यमार्फत दोहोरो हुन नदिने गरी कार्यालयले अभिलेखांकन गर्ने गरेको छैन । यसबाट कार्यमा दोहोरोपना नभएको भन्ने आधार समेत देखिंदैन । पालिकाले परिचालन गरेको उपभोक्ता समितिबाहेक कृषि विकास कार्यालय, विभिन्न गैर सरकारी संस्थाहरु समेत परिचालन हुने सन्दर्भमा अन्य संस्था एवं कार्यालयहरुले गरेका कामका समेत अभिलेखांकन गरी बाँकी योजनाहरुको आवश्यकता यकिन गरी उपभोक्ता छनौट एवं निर्माण कार्य गर्नु पर्दछ ।

८५.२ **सार्वजनिक सूचना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) ले स्थानीय वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट काम गराउनका लागि सम्बन्धित काम तथा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुरा खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना गरी प्रस्ताव माग गर्ने वा त्यस्तो समुदाय वा समितिले प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट नियमानुसार सूचना प्रकाशन नगरी सम्बन्धित उपभोक्ता समितिबाट प्राप्त निवेदनका आधारमा सम्झौता गरी कार्य सम्पन्न गरेको छ । उपभोक्ताबाट पहुँचका आधारमा योजना स्वीकृत गराई प्राप्त बजेट अनुसार सिधै सम्झौता गर्ने गरेको छ । यसबाट खरिद ऐनले अपेक्षा गरे अनुसार खरिद प्रक्रियामा प्रतिस्पर्धा स्वच्छता मितव्ययिता र विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल हुने देखिंदैन । प्रस्तावना मार्फत प्रतिस्पर्धा गराई उपभोक्ता समिति परिचालन गर्नुपर्दछ ।

८५.३ **हस्तान्तरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १३ ले निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले समुदायसँग सम्बन्धित संरचना संरक्षण र मर्मत गर्ने गरी जिम्मेवारी हस्तान्तरण गर्दा उपभोक्तालाई उत्तरदायी बनाएको देखिएन । निर्मित संरचनाहरुको दीर्घकालीन उपयोग गर्न उपभोक्ताले कोष व्यवस्थापन गरी आगामी दिनमा राज्यको दायित्य घटाउँदै लैजानसमेत उपभोक्ता स्वयमलाई जिम्मेवार बनाउने गरी निर्मित संरचना हस्तान्तरण गरी अभिलेख राख्नु पर्दछ।

८५.४ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

८५.५ लागत सहभागिता पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

८५.६ **निर्माण कार्यको दर बिश्लेषण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) संग सम्बन्धित अनुसूची –१ बमोजिम निर्माण कार्यको सम्बन्धित जिल्लाको स्वीकृत जिल्ला दरका आधारमा लागत बिश्लेषण गरी निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिलाई दिने सबै निर्माण कामको दर बिश्लेषण गर्दा मानिसबाट गर्ने कामको दर राखि दर बिश्लेषण गरी तयार भएको लागत अनुमान बमोजिम तोकिएको रकम उपभोक्ता समितिको बिल मूल्याङ्कन गरी भुक्तानी गर्ने गरेको छ । जिल्लामा रहेका पूर्वाधार विकास कार्यालय लगायतले सोहि स्थानका लागि मेशिनबाट गर्ने कामको आधारमा दर बिश्लेषण गरेको अवस्थामा लागत अनुमान गर्ने प्राविधिकबाट सार्वजनिक खरिद गर्दा स्थानीय अन्य निकायबाट खरिद गरिने दरलाई ध्यान दिएको छैन । मेशिनबाट गरिने कामको लागत भन्दा मानिसबाट गरिने कामको दर बढी भएको कारण उपभोक्ता समितिले गरेको कामको स्वत बढी लागत परेको छ । अधिकांश उपभोक्ताले मेशिनबाट काम गरेको भएपनि लागत अनुमान अनुसार मानिसबाट गर्ने दरमा भुक्तानी भएको कारण लागत प्रभावग्राही भएको देखिएन । लागत अनुमान मितव्ययी हुनेगरी तयार गर्नु पर्दछ ।

८५.७ **उपभोक्ता समितिको योगदान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) अनुसार उपभोक्त समितिबाट गराउँने काम वा सेवाको प्रकृति, लाग्ने समय, उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकमको सम्मन्धमा उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट गराउँने कार्यमा लागत अनुमान बनाउँदा योजनाका लागि स्वीकृत रकमका आधारमा लागत अनुमान तयार गर्ने र वजेट भन्दा बढी भएको रकमलाई योजनाको कुल लागतमा उपभोक्ता समितिको अंश वा योगदान तोकिदिने गरेको छ । यसबाट उपभोक्ता समितिहरुले व्यहोर्ने योगदानमा एकरुपता देखिएको छैन । योजनाहमा उपभोक्ताको अंश प्रतिशतमा निर्धारण गरी निर्माण कार्यमा उपभोक्ताको योगदान रकम स्पष्ट तोकी लागत अनुमान तयार गरी संझौतामा उल्लेख गर्नुपर्दछ ।

८६ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ७७२ जना रहेका छन। पालिकाले संघीय शशर्तबाट ११,१०० थान स्यानिटरी प्याड रु.९,९९,०४९/- (मुल्य अभिवृद्धि कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

८७ **शाखागत बजेट** - संघीय सरकारबाट विनियोजित बजेट कानूनबमोजिम तोकिएको कार्यमा खर्च गर्नुपर्दछ।नगरपालिकाले विषयगत रुपमा नगरपालिका शिक्षातर्फ रु.७५,२४,८६५/- नगरपालिका कृषि तर्फ रु.३,४९,५००/- र नगरपालिका स्वास्थ्यतर्फ रु.१,००,९०,०४२/-, पशुतर्फ रु.७,४०,०२०/- र महिला तथा बालबालिका तर्फ रु.१,६०,२३८/- गरी कुल १,८८,६४,६६५/- खर्च गरेको छ। अतः पालिकाले खर्च गर्दा राजश्व सुधार कार्ययोजना बनाई आन्तरिक आयलाई बढावा दिई खर्च गर्नुपर्दछ।

८८ **भ्रमण भत्ता भुक्तानी** - ३५८-२०८०।३।३० भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा भ्रमण गर्दा स्पष्ट प्रयोजन खुलेको हुनुपर्ने व्यवस्था छ।रोजगार संयोजक श्री जय बहादुर विष्टले रोजगार सेवा केन्द्रको संचालन खर्चको रु.१,००,०००/- को पेश्की फछ्र्यौट गर्दा तपशिल बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रमको अनुगमन भनि अघिल्लो आर्थिक वर्षको भ्रमण विल भरपाई संलग्न गरेको र भ्रमणको स्पष्ट प्रयोजन समेत नखुलेकोले असुल गर्नुपर्ने रु.

| क्र.सं. | भ्रमण गरेको मिति | भ्रमण गरेको व्यक्ति | भुक्तानी रकम |
|---|---|---|---|
| १ | २०७९।०२।२६ देखि २०७९।०३।०१ सम्म | जय बहादुर विष्ट | ११२५० |
| २ | २०७९।०३।०३ देखि २०७९।०३।०९ सम्म | जय बहादुर विष्ट | ८२५० |
| ३ | २०७९।०३।२७ देखि २०७९।०३।३१ सम्म | जय बहादुर विष्ट | ८२५० |
| | | जम्मा | २७७५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,७५० |

८९ **२ महिने वेसिक कम्प्युटर तालिम** - २४-२०८०।०३।२३ नगरपालिकासँग प्राविधिक जनशक्ति, तालिम सामाग्री तथा तालिम गराउँन उपलब्ध ठाउँ नहुँदा नगरपालिकाले प्रतिस्पर्धात्मक खरिद प्रकृयाको माध्यमबाट निजी क्षेत्रबाट तालिम संचालन गर्न सक्दछ । तर पालिकाले शिक्षकलाई आधारभूत २ महिने कम्प्युटर तालिम संचालन गर्न मिति २०७९।०९।१४ मा पालिकाको च.नं. ८८७ मार्फत् एभरेष्ट कम्प्युटर एण्ड ल्याङग्वेज इन्स्टिच्युटलाई कार्यादेश दिएको देखिन्छ।उक्त कार्यक्रम सम्पन्न गरी पेश गरेको हलभाडा रु.२०,०००/-, सोलार भाडा रु.२०,०००/- खाना तथा खाजा लगायत विल भरपाईका आधारमा पूर्ण राम खड्कालाई रु.२,००,०००/- को भुक्तानी दिएको पाईयो। कार्यालयले कार्यक्रमको लागत अनुमान तयार गरी स्वीकृत गरेको पाइएन । कार्यक्रमको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिबाट सेवाप्रदायक संस्था छनौट गरी संझौता गर्नुको सट्टा कार्यदेश दिएको संस्थालाई भुक्तानी नदिई र सोही संस्थाका व्यक्तिलाई भुक्तानी दिएकोले उक्त भुक्तानी दिएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

९० **विद्यालयगत निकासा खाता** - नगरपालिकाले प्रत्येक विद्यालयको स्थायी, अस्थायी दरवन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता राखेको देखिएन। विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्ट गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख राखु पर्ने देखिन्छ ।

९१ **विद्यालय अनुदान** - सरकारी रकम खर्च गर्दा स्पष्ट प्रयोजन खुलाउनुपर्दछ।नगरपालिकाले लिंकु संयुक्त क्याम्पसलाई कुनै प्रयोजन नखुलाई रु.२,५०,०००/-अनुदान दिएको छ। जसको कुनै प्रयोजन नखुलेको, अनुदान रकम सदुपयोथ भए/नभएको एकीन नभएकाले पालिकाले अनुगमन गरी के कार्यमा खर्च भएको हो।सो को पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

९२ **विद्यालयमा कोभिडबाट क्षतिको परपूरण अनुदान** - २७५,२०८०।३।२३ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।०८० को क्रियाकलाप २२.७.१३.४९ मा कोभिड १९ बाट पुगेको क्षतिको परिपूरण तथा अन्य विपद्को समयमा सिकाई निरन्तरताको लागि अनुदान उपलब्ध गराउने र उक्त अनुदान सम्बन्धमा स्थानीय तहले अनुदान रकमको उपयोगको सम्बन्धमा नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ।नगरपालिकाले पालिकाभित्रका विद्यालयहरुलाई उक्त अनुदान वापत रु.४ लाख ६ हजार ८ सय निकासा गरेको छ। सो सम्बन्धमा स्थानीय तहबाट अनुदानको उपयोग गरे नगरेको यकिन भएन। यस सम्बन्धमा अनुगमन गरी खर्च भएको पुष्टी हुने प्रतिवेदन पेश गर्नुपर्दछ ।

९३ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको औ०जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.४१,१९,७६१/- तलब भत्ता भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४१,१९,७६१ |

९४ **विद्यालय लेखापरीक्षण** - आर्थिक वर्ष २०७९/८० मा २९ वटा विद्यालय मध्ये कुनै पनि विद्यालयले लेखा परीक्षण गराएका छैनन्। वित्तीय अनुशासन कायम गर्न गराउन विद्यालयहरुको लेखापरीक्षण अनिवार्य गराउनु पर्दछ ।

९५ **पाठ्यपुस्तक** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहिलो पटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५% बाट अनुदान दिने व्यवस्था छ । नगरपालिकाले २०७९।९।२ मा पालिका अन्तर्गतका विद्यालयलाई रु.१३,३४,९५४/-, मिति २०८०।३।२३ मा रु.७,६९,८७८/- र मिति २०८०।१।२५ मा रु.४८,०४९/- गरी कुल रु.२१,५२,८८१/- पाठ्यपुस्तक वापतको रकम निकासा गरेको छ । विद्यार्थीको वास्तविक संख्या यकिन नगरी तथा पाठ्यपुस्तक खरिद तथा भरपाई गरेको कागजात संलग्न नगरी २५% रकम निकासा गरेकोले उक्त रकम पाठ्यपुस्तकमा नै खर्च भएको भन्ने यकिन गर्न सकिएन । पालिकाले विद्यालयको नियमित अनुगमन गरी निकासा भएको रकम सम्बन्धित शिर्षकमा खर्च भए नभएको अधावधिक विवरण तयार गरी राख्नुपर्दछ ।

९६ **दिवा खाजा** - कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २००७९।०८०) को क्रियाकलाप नं. २.७.११.१ मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ६ सम्म प्रति विद्यार्थी दैनिक रु. २० का दरले विद्यालयलाई विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई विद्यार्थी संख्या यकिन गरी अनुदान निकासा दिने व्यवस्था छ ।नगरपालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार मानि कक्षागत विद्यार्थीहरुको दिवा खाजा व्यवस्थापन वापत मिति २०७९।६।९ मा रु.२५,३९,०००/-, मिति २०७९।९।२ मा रु.१५,४८,६००/-, र मिति २०८०।३।२३ मा रु.४२,८०,२००/- गरी जम्मा रु.८३,६७,८००/- निकासा गरेको छ । दिवा खाजा संचालन भएका २९ वटै विद्यालयले विद्यार्थीको हाजिरको प्रमाणित प्रतिलिपि पेश गरेको छैनन् जसले गर्दा वास्तविक विद्यार्थी संख्या एकिन गर्न सकिएन ।पालिकाले दिवा खाजामा खर्च गरेको, अनुमानित १६० दिन विद्यालय खुलेको समय गणना गरी IEMIS रेकर्डको आधारमा निकासा गरेपनि पालिकाले कुनै अनुगमन पाइएन। विद्यार्थीको दैनिक हाजिरी तथा खर्चको विल भरपाई भिडेको एकिन गर्न

सकिदैंन। अतः नगरपालिकाले अनुगमन गरी, प्रमाणित हाजिरी पुस्तिका पेश गर्न लगाई हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गरी निकासा दिनुपर्दछ । विद्यालयलाई विद्यार्थीको हाजिरी विवरण भन्दा बढी निकासा भएको पालिकाबाटै छानविन गरी असुल हुनुपर्दछ ।

९७ **पोषण कार्यक्रम** - स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन (शसर्त अनुदान मार्फत् हस्तान्तरित कार्यक्रम ) बमोजिम पोषण कार्यक्रमहरुको समिक्षा गर्ने, वार्षिक प्रतिवेदनमा छलफल गर्ने, पोषण कार्यक्रमको विश्लेषण, मूल्याङकन गरी पिछडिएको वर्ग, असहाय, विपन्न, अति विपन्न समूहको लागि पोषण कार्यक्रम के कति समेटिएको छ वा छैन विश्लेषण गरि समेटिएका छैनन् वा न्यून छ भने उपयुक्त कार्ययोजना बनाउनुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष रु.२२ लाखको पोषण सम्बन्धी विभिन्न कार्यकम गर्दा कार्ययोजना बनाएको देखिएन। अतः पालिकाले पोषण सम्बन्धी कार्य गर्दा स्थानीय तह कार्यक्रम मार्गदर्शन बमोजिम कार्ययोजना बनाई अधिकतम प्रतिफल प्राप्त हुने गरी संचालन गर्नु पर्दछ ।

९८ **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोला खरिद वितरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु.88४/- दरमा १०० थानको रु.८८,४००/- को न्यानो झोला खरिद गरेकोमा यस नगरपालिका अन्तर्गतका ४ बर्थिङ सेन्टरमा १२० जना मात्र प्रसुति भएको अभिलेखबाट देखिएकोले खरिद आवश्यकता पहिचान यथार्थ देखिएन। माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ ।

९९ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पचीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले उक्त प्रक्रिया वेगर नगरपालिकाको बजेटबाट रु.५,९९,६४५।– र संघीय सशर्त को कार्यक्रमबाट रु.१६,८८,६१६।– गरी जम्मा रु.२२,८८,२६१।०० को औषधि निम्न अनुसार सोझै खरिद गरेको छ । औषधी खरिद गर्दा प्राप्त उक्त औषधी कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए नभएको, आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई मात्र भण्डारण गर्नुपर्ने, औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश हुनुपर्ने, आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको मुचुल्का संलग्न गर्नुपर्ने लगायत व्यवस्था छ । पालिकाले औषधी प्राप्ती पश्चात् मुचुल्का नगरिएका कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा माग फारामको आधारमा एकमुष्ट घटाउने गरेको लगायत अवस्था देखिएको छ । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१०० **तालिम कार्यक्रम सञ्चालन** - तालिम, गोष्टी, सेमिनार लागायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ । पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको नर्म्स पालना गरेको छैन । कार्यक्रम संचालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात भत्ता खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछ्र्यौट गर्ने गरेको छ । कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत अनुमान तयार गर्ने, तालिम कार्य तालिका संलग्न गर्ने, तालिमको विषय वस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने प्रमाण संलग्न गर्ने गरेको छैन । कुनै पनि कार्यक्रममा स्वीकृत बजेट फ्रिज नहुने गरी खर्च गर्दा खर्च वास्तविक मान्ने अवस्था छैन् । यातायात, दैनिक भ्रमण भत्ता खर्च भ्रमण नियमावली अनुसार नभई बजेटको आधारमा भुक्तानी दिने गरेको छ । कार्यालयबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नपर्ने देखिन्छ ।

१०१ **बहुक्षेत्रीय पोषण कार्यक्रमको सहकारीलाई अनुदान** - बहुक्षेत्रीय पोषण कार्यक्रमको सहकारीलाई अनुदानः २६७-२०८०।०३।२३ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९।३।१३ को च.नं. ५६० मा ४ (ख) मा पोषण सुधारको लागि विपन्न समूदायका महिला समूह वा सहकारीलाई विपन्न सदस्यहरुको आयआर्जन सुधारका लागि व्यावसायिक योजनामा आधारित महिला सहकारी वा समूहलाई उद्यमशिलताका लागि शुरुवाती पूँजी अनुदान प्रदान गर्ने उल्लेख छ। बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत त्रिपुरा महिला बहुउद्देश्यीय सहकारी संस्थाको कुनै व्यावसायिक योजना विना नै नगरपालिकाले रु.६ लाख २५ हजार उक्त संस्थालाई अनुदान दिएको छ। अतः पालिकाले त्यस्तो अनुदान रकम दिँदा स्पष्ट व्यावसायिक योजना बनाउन लगाई अनुदान रकमको सदुपयोग भए/नभएको प्रभावकारी अनुगमन/प्रतिवेदन गर्नुपर्दछ ।

१०२ **उत्पादन सामान** - गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखि त्यस्ता सामानहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुटमा सहभागीलाई विक्री गरी शाखाले तोकेको राजश्व खातामा रकम जम्मा गर्नु पर्ने, विक्री नभएमा प्रदर्शनी वा विक्री कक्षमा पठाउने र त्यसरी पनि विक्री नभएमा ७ दिन भित्र स्टोर दाखिला गर्नुपर्ने र दफा ४१ बमोजिम प्रविधि हस्तान्तरण गर्दा अपाङ्गता भएका उद्यमी बाहेक अन्य उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा उपलब्ध गराउने प्रविधिको कुल लागतको बीस प्रतिशत रकम उद्यमीले व्यहोर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले लघु उद्यम सम्बन्धी कार्यक्रम अन्तर्गत वस्तु तथा सामान उत्पादन हुने कपडा/बुनाई, डल तथा कुशन उत्पादन लगायत तालिम सञ्चालनमा रु.२०,६४,८००/- खर्च गरेकोमा उत्पादन भएको सामानको रेकर्ड राखेको देखिएन । नगरपालिकाले निर्देशिका बमोजिम यस्ता सामान विक्री गरी राजश्व संकलन गर्नुपर्ने अन्यथा स्टोर दाखिला गरी सामानको अवस्थाको यथार्थ विवरण तयार गरी लगत राख्नुपर्दछ।

१०३ **रैथाने बाली प्रवर्द्धन** - कुनै पनि तालिम संचालन गर्दा सो तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखि त्यस्ता सामानहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुटमा सहभागीलाई विक्री गरी शाखाले तोकेको राजश्व खातामा रकम जम्मा गर्नु पर्ने, विक्री नभएमा प्रदर्शनी वा विक्री कक्षमा पठाउने

र त्यसरी पनि विक्री नभएमा ७ दिन भित्र स्टोर दाखिला गर्नुपर्दछ। नगरपालिकाले रैथानी वाली प्रवर्द्धन कार्यक्रममा चिनो, फापर खरिद गरी प्याकेजिङ लगायत तालिम सञ्चालनमा रु.१०,००,०००/- खर्च गरेकोमा उत्पादन भएको सामानको रेकर्ड राखेको देखिएन । नगरपालिकाले निर्देशिका बमोजिम यस्ता सामान विक्री गरी राजश्व संकलन गर्नुपर्ने अन्यथा स्टोर दाखिला गरी सामानको अवस्थाको यथार्थ विवरण तयार गरी लगत राख्नुपर्दछ ।

१०४ **स्याउ खेती विस्तार कार्यक्रम** - १४५-०८०/०१/१२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाले संघीय शसर्त अन्तर्गत स्याउ खेती विस्तार कार्यक्रम अन्तर्गत स्याउको बिरुवा खरिद बापत ल्वान्ना कृषि फलफूल तथा नर्सरी पोल्ट्री फर्म, डोल्पालाई रु.१३ लाख ६९ हजार ६ सय २० भुक्तानी गरेको अनियमित रु.

| | |
|---|---|
| अनियमित भएको | १३,६९,६२० |

१०५ **पकेट क्षेत्रको अनुगमन** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम स्थानीय तहले पकेट विकास कार्यक्रम अन्तर्गत सञ्चालित क्रियाकलापहरुको एकल वा पकेट क्षेत्रका लाभग्राही एवं सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष नयाँ स्याउ /ओखर पकेटका लागि रु.११,६९,०००/-, स्याउ/ओखर पकेट निरन्तरताका लागि रु.६,००,०००/-, स्याउ खेती विस्तार रु १५,२०,०००/- र बाख्रा पकेट कार्यक्रमका लागि रु.१४,७२,०००/-गरी यस वर्ष जम्मा रु.४७,६१,०००/-अनुदान/कार्यक्रम गरेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१०६ **अनुदानको अनुगमन** - कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ मा कार्यालय प्रमुखले प्रत्येक कार्यक्रममा एक कर्मचारी प्राविधिक कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्नुपर्ने, कार्यक्रमको समग्र अनुगमन तथा प्रतिवेदनको जिम्मा सोही प्राविधक कर्मचारीले लिनुपर्ने, अनुदानको अनुगमन गरी सोही प्रयोजनमा खर्च भए नभएको एकिन गर्नुपर्ने, अनुदानग्राहीले कार्यक्रम सम्पन्न भए पछि भुक्तानीको लागि निवेदन पेश गर्नु अघि कार्यस्थलमा समुदायको भेला गराई कार्यक्रमको प्रकृया, प्राप्त रकम र खर्चको विवरणको सार्वजनिक परीक्षण गराउनुपर्ने जस्ता व्यवस्था रहेका छन् । कार्यालयले सोही प्रकृतिको कार्याक्रममा वर्षेनी अनुदान उपलब्ध गराउँदै आएकोमा अनुदानमा अनुदानग्राहीको अद्यावधिक विवरण, वितरण अनुदान रकमको वास्तविक प्रयोग र दिगोपना, अनुदान प्राप्तिमा हुने दोहोरोपना, अनुदान प्राप्त गर्दा भएको सम्झौताको परिपालना र समग्र अनुदानवाट प्राप्त भएको उपलब्धि एवं उपयोगीताको मुल्यांकन गर्न कार्यक्रमको निरन्तर अनुगमन गरी प्रतिवेदन गर्ने गराउने तर्फ नगरपालिकाको ध्यान जानु पर्दछ ।

१०७ **प्रविधि हस्तान्तरण लाभग्राही योगदान -** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ४१ (३) मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकममात्र कार्यालयले भुक्तानी गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले रु.१,०८,६००।०० को विभिन्न चर्खा लगायत सामान खरिद गरी विभिन्न व्यक्ति तथा उद्यमीलाई प्रविधि हस्तान्तरण टेवा स्वरुप उपलब्ध गराएको छ । लाभग्राही योगदान रु.२१,७२०/- कट्टा गरी भुक्तानी गर्नु पर्नेमा पुरै रकम भुक्तानी गरेकोले मेशिन औजारको मूल्यको २० प्रतिशत रकम कार्यक्रम सञ्चालन गर्नेबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,७२० |

१०८ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्दा परिच्छेद-३ (८) मा श्रममुलक आयोजनाको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा श्रावण महिना भित्र प्रविष्टि भएका बेरोजगारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्याला बापत बैंक खातामा निकासा गर्नुपर्ने तथा परिच्छेद-३ (४)(घ) मा स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस कार्यक्रमा छनोट भएका ११ वटा कार्यक्रम सञ्चालनमा रु.२,०४,८३,४१८।- खर्च भएको छ । सुचिकृत भएका व्यक्ति ३३३२ मध्ये १०० एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । ११ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका ३१० जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । सुचिकृत भएका श्रमिकलाई पुरा एक सय दिन बराबरको रोजगार नदिएर न्युनतम ५० देखि अधिकतम ९९ दिनसम्म रोजगार दिइ कार्यक्रम सम्पन्न गरेको देखिन्छ । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

१०९ **मुख्यमन्त्री रोजगार कार्यक्रम -** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार पालिकामा ११ वटा योजना सञ्चालनमा रु. २ करोड ४ लाख ८३ हजार खर्च हुनुको साथै ३१० जनाले रोजगारी प्राप्त गरेका छन । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छनः

१०९.१ **फिलिङ्गको भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको नाँप अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । डावाटा देखि खेता साम्वासम्मको आरसिसि कुलो निर्माण गर्दा ३७२ मीटर कुलोको ६१ घनमीटर माटो खन्ने काम गरेकोमा फिलिङ्गको ७४.५१ घनमीटर नाँप गरी रु.१,४८,७७३/- भुक्तानी गरेको छ । कुल ६१ घनमीटर खनेकोमा पुरानो लाइन मर्मत गरी कुलो निर्माण गरेको तथा कुलोको दाँयाबाँया बढी ग्याप भएबाट बोल्डरसमेतको माटो मिलाई पुरेको जवाफ सम्बन्धित प्राविधिकले दिएपनी उचाई १० र ४० सेन्टी दिई पुरै कुलो पुरेको नाँप देखाएबाट नापी कितावमा चढाएको परिमाण प्रति आश्वस्त हुने आधार नदेखिएकोले उक्त रकम भुक्तानी दिन मिल्ने नदेखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४८,७७३ |

१०९.२ **योजना संशोधन -** सार्वजनिक लेखापरीक्षणः मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार छनौट भएका कार्यक्रममा खर्च गर्नु पर्दछ । स्वीकृत कार्यक्रम अनुसार हाइटीलेख देखि डोज्मासम्मको सिँचाइकुलो निर्माण गर्न रु.२० लाखको कार्यक्रम स्वीकृत भएकोमा उक्त कार्यको उपभोक्ता समितिको माइन्यूटमा दोज्मा दखि पैटसम्म कुलो निर्माण गरेको निर्णय गरेको छ भने पालिकाले हाइटीलेख देखि डोज्मासम्मको कुलो निर्माण गरेको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । नापी कितावमा ४१० मीटर कुलोको लाईन खनेको तथा २×१×१ को ८८ र १.५×१×१ को ७४ ग्याविन जाली भरेको नाँप गरेको छ । कुलो निर्माण गर्ने वजेटबाट भरेको उक्त ग्याविनको संलग्न फोटो अनुसार सो ग्याबिनको आवश्यकता पुष्टी हुने अवस्था छैन । दोज्मा र पैठ गरी २ स्थानमा लगाएको उक्त जनलीको आवश्यकता स्पष्ट छैन । तोकिएको कार्यक्रममा खर्च नगरी स्पष्ट आवश्यकता नदेखिएको जाली भर्ने काम गरी रु.२२,४६,६२८/५१ को कार्यसम्पन्न प्रतिवेदन तयार गरेपनि कार्यक्रम शंसोधन समेत गरेको छैन । स्वीकृत कार्यक्रमको रकम अन्यत्र लगाई वजेट खर्च गर्ने कार्यमा सुधार गर्नुपर्दछ ।

१०९.३ **सार्वजनिक लेखापरीक्षण -** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यन्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपुर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सुचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ ।

१०९.४ **फर्माको दर :-** सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम लागत अनुमान तयार गर्दा अधिकार प्राप्त निकायले तयार गरेको नर्म्स तथा जिल्ला दररेटलाई आधार मानि तयार गर्नुपर्दछ। कार्यालयले दररेट विश्लेषण गर्दा फर्माको नर्म्स अनुसार ६ पटक प्रयोग गर्न सकिने आधार लिई दर बिशलेषण गर्नु पर्नेमा १ पटकको मूल्यमा दर कायम गरेको कारण निम्नअनुसार योजनामा फरक दर कायम हुन गई रु.१,५०,६१०/- बढी भुक्तानी भएको देखिएकोले सो रकम असुल फिर्ता हुनपर्ने रु.

| योजनाको नाम | फर्माको परिमाण | भुक्तानी भएको रकम | भुक्तानी हुनपर्ने रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| रल्ली सिँचाई कुलो मर्मत- १ | १२३.५ | १९९५८ | ८४५९८ | ६४५७२ |
| सिपलटारी सिँचाई कुलो मर्मत- १ | ६५.५१ | ४८५४४ | ३७९५८ | १०५८५ |
| घँराखोर तालतलैया सिँचाई कुलो निर्माण | ६० | ३६४९०.२३ | ३०३६० | ६१३० |
| डावाडा देखि खेतासाम्वा कुलो निर्माण | ६७०.५३ | ४१६४२९.२२ | ३४७१०६ | ६९३२३ |
| | | | जम्मा | १५०६१० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५०,६१० |

१०९.५ **ट्याप स्टयाण्डको नाप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यषको नाँप अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।माझगाँउ खानेपानी मर्मत आयोजनामा ट्यापस्ट्याण्डको नाप गर्दा तलसम्मको गारोको मोटाई ०.४५ राखेकोमा ट्यापस्ट्याण्डको मोटाईमात्र ०.६ राखि ०.३५१ घनमीटर बढी भुक्तानी दिएको देखिएकोले प्रतिघनमीटर रु.१८,५५६.७७ का दरले हुने रु.६,५१३/- सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५१३ |

११० **छोरी वचत खाता** - छोरी वचत खाताप्रदेश सरकारले महिला वर्गको उत्थान, सशक्तिकरण र समग्र विकास तथा बालवालिकाहरुमाथीको लैङ्गिक विभेद अन्त्य गर्न, सामाजिक कुसंस्कारको रुपमा रहेको वालविवाह रोक्न र बालिकाहरुको कम्तिमा स्नातक तहसम्मको पढाई सुनिश्चित गर्न "बैंक खाता छोरीकोः सुरक्षा जीवन भरीकै" कार्यक्रम गत विगत देखिने कार्यान्वयनमा रहेको छ । कार्यक्रम संचालन निर्देशिका अनुसार खाता सिफारिस भएका छोरीहरुको खातामा प्रत्येक महिना रु.५००।– दरले रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा यो वर्ष रकम जम्मा गरेको छैन । कार्यक्रम शुरु भएको ४ वर्ष(२०७६।७७ देखि ०७०।८० सम्म) जम्मा ३६० छोरी वच्चा जन्मदर्ता गरी बैक खाताका लागि सिफारिस भएकोमा आर्थिक वर्ष २०७७।७८ मा खातामा पठाउनु पर्ने रकम मध्ये रु.१२ लाख ३६ हजार मात्र भुक्तानी गरी पुरै रकम बाँकी देखिएकोमा यस वर्ष ४२ जना बच्चाका लागि खाता सिफारिस गरे पनि वजेट व्यवस्था भइ नआएकोले रकम बैकमा जम्मा गर्न सकेको देखिएन ।प्रदेश सरकारले महत्वकाक्षी योजनाको रुपमा दीर्घकालीन दायित्व बढ्नेगरी संचालित सो कार्यक्रमको भुक्तानी हुन नसक्दा सार्वजनिक दायित्व पूरा गर्न सकेको देखिएन ।कार्यक्रम संचालन गर्दा उपयुक्त आधार वेगर भएको निर्णयमा पुनर्बिचार गर्नु पर्दछ ।

१११ **सामाजिक सुरक्षा भत्ता**

१११.१ **निकासा खर्च -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष रु.१,१८,०४,६४3/- बैकिङ प्रणालीमार्फत लाभग्राहीको बैक खातामा वितरण गर्न पठाएकोमा चार चौमासिकको हिसाव मिलान गरी वितरण नभई बाँकी रहेको रु.१५,७१,१३८/- बेरुजु खातामा दाखिला भएको छ ।

१११.२ **लगत अद्यावधिक -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१)मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत पालिकामा दरखास्त दिनुपर्ने व्यवस्था छ। मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा,

नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन। तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यानदिनु पर्दछ ।

१११.३ **बढी भुक्तानी** - सामाजिक सुरक्षा भत्ता वितरण कार्याविधि, २०७७ को परच्छेद ५ को बुँदा नं २१ माभत्ता रकम बैक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था गरेको छ । पालिकाले देहायको लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा एक भन्दा बढी वडाबाट एकै व्यक्ति तथा बैक खाता नंबरमा दोहोरो भुक्तानी भएको देखिएको छ । यसरी एक भन्दा वडाबाट भुक्तानी भएको रकम असुलउपर गरी दाखिला गर्नुपर्ने रु.

| लाभग्राहीको नाम | भुक्तानी | वडा नं. | त्रैमासकि किस्ता | बैक खाता नं. | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| suna kumari budha | ११९७० | ९ | २ | 0900068180800011 | ० |
| suna kumari budha | ११९७० | ९ | ३ | 0900068180800011 | ० |
| suna kumari budha | ११९७० | ९ | ४ | 0900068180800011 | ० |
| suna kumari budha | ११९७० | ९ | १ | 0900068180800011 | ० |
| suna kumari budha | ६३८४ | ११ | १ | 0900068180800011 | ६३८४ |
| Hasu Bohora | १२००० | ७ | २ | 0900108456300013 | १२००० |
| Hasu Bohora | १२००० | ८ | २ | 0900108456300013 | ० |
| Hasu Bohora | १२००० | ८ | ३ | 0900108456300013 | ० |
| Hasu Bohora | १२००० | ८ | ४ | 0900108456300013 | ० |
| Hasu Bohora | १२००० | ७ | १ | 900108456300013 | १२००० |
| Hasu Bohora | १२००० | ८ | १ | 0900108456300013 | ० |
| Nirjala Mahat | १५९६ | १ | २ | 0900949451400010 | ० |
| Nirjala Mahat | १५९६ | १ | ३ | 0900949451400010 | ० |
| Nirjala Mahat | १५९६ | १ | ४ | 0900949451400010 | ० |
| Nirjala Mahat | १५९६ | १ | १ | 0900949451400010 | ० |
| nirjala mahat | १५९६ | १ | १ | 0900949451400010 | १५९६ |
| | | | | जम्मा | ३१९८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,९८० |

## ११२ राजश्व तर्फ

११२.१ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २६३६५९ | ५०४४ | १.९१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.७० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११२.२ **आयको अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ घरजग्गा भूमी कर, घरजग्गा बहाल कर, व्यवसाय कर, जडिबुटी कवाडी तथा जीवजन्तु निकासी कर, सवारी साधन कर, गिट्टी वालुवा ढुंगा निकासी कर, उद्योग व्यवसाय कर, घरजग्गा रजिष्ट्रेशन कर, उद्योग कर लगायतमा राजस्व संकलन गर्नेगरी अनुमानित रु.१,५३,५४,१६५/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा विभिन्न शिर्षकमा रु.५०,४४,११३।१६ अर्थात अनुमान भन्दा ३३ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका स्रोत तथा पालिकाको आर्थिक ऐनमा उल्लेख हुने करआधार समेकव आधारमा आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने र राजश्वको अनुमान गर्दा यथार्थता तर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

११२.३ **राजश्व दाखिला -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । पालिका अन्तर्गत ११ वटा वडाबाट ७,७७,५७८/- र एम्बुलेन्सबाट रु.१,९०,१००/-गरी प्राप्त गरेको जम्मा रु.९,६७,६७८।०० राजश्व रकम ऐनको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको सम्बन्धमा तँहा पालिकाले छानविन गरी, नियमानुसार हर्जना रकम असुल गर्नुपर्ने देखिन्छ । वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा पालिकाले विशेष ध्यान दिई राजस्व प्रणालीलाई स्वचालित बनाई राजस्व व्यवस्थापनमा सुधार गर्नु पर्दछ ।

११२.४ **रसिद नियन्त्रण खाता -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आर्थिक वर्षको रसिद बाँकी

के कति छन एकिन गर्न सकिएन । नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व कार्यालयले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टिङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको देखिंदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । यस सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गरी रकम भिडान गर्नुपर्दछ । अतः पालिकाले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

११२.५ **राजश्व अभिलेख -** राजस्व संकलन गर्ने कार्यालयले महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तोकिएका फारमहरु प्रयोग गर्नु पर्दछ। पालिकाको लेखाशाखाले आम्दानी गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदी रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने व्यहोरा जानकारी प्राप्त भएतापनि नियमानुसार समयमा दाखिला गर्न कार्यालयले व्यवस्था मिलाउनु पर्दछ ।

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थानः त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | जग्दिश चन्द्र नेपाली | २०७९-११-२१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हिरालाल के.सी. | २०७८-८-२७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८,२८४,४३९.२ | ५०,३८३,८६२.८ | १५,३९२,८२२.८१ | ० | ० | ६,४९२,७५२ |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | ८०,५५३,८७६.८१ |
| प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु. | | | | | ३५८,९९४.९ |
| संपरीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | ८०,१९४,८८१.९१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १३००५३७०.१६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३५२३६६९११.६ | चालु खर्च | ३९२७९९३९१.५७ |
| प्रदेश सरकारबाट अनुदान | ५९९१९०४० | पूँजीगत खर्च | १५१६५६७३१ |
| राजश्व बाँडफाँट | ६९५०९५२८.८९ | वित्तीय/अन्य व्यवस्था | ०.० |
| आन्तरिक आय | १२६०२८२१.८ | | |
| अन्य आय | ४९९६२७२४ | | |
| कुल आय | ५४४३६१०२६.२९ | कुल खर्च | ५४४४५६१२२.५७ |
| **बाँकी मौज्दात** | | १२९१०२७३.८८ | |